# रातो खबर
साप्ताहिक
Ratokhabar weekly

वर्ष ६, अङ्क ३०, पूर्णाङ्क २६३ | २०७७ फागुन २६ गते बुधबार | Wednesday, 10 Mar 2021 | www.eratokhabar.com | मूल्य रु. १०


## महासचिव विप्लव र सुदर्शनबिच नक्खु कारागारमा भेटघाट

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टीका सचिवालय सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' लाई महासचिव विप्लव, प्रवक्ता प्रकाण्ड र केन्द्रीय सदस्य दीपकले आज नख्खु कारागारमा भेटघाट गरेका छन् । भेटघाटको क्रममा भावुक हुँदै महासचिव विप्लवले वार्ता प्रक्रियाका ३ बुँदे सहमति हामी कार्यान्वयन गर्ने र उक्त सहमतिअनुसार छिट्टै खुला संसारको आन्दोलनमा भेट्ने अपेक्षा गरेको समाचारमा जनाइएको छ ।

भेटघाटमा नेकपाको अबको राजनीतिक आन्दोलन, कारागार र हिरासतमा रहेका सम्पूर्ण बन्दीहरूको रिहाइको प्रक्रिया भइरहेको लगायत अन्य राजनीतिक विषयमा पनि छलफल भएको जनाइएको छ ।

# नेपाल सरकार र नेकपाबीच वार्ता र सहमती

**रातोखबर संवाददाता/काठमाडौं**

लामो प्रतीक्षापछि फागुन २१ गते नेपाल कम्युनिस्ट पार्टी र नेपाल सरकारबिच ऐतिहासिक वार्ता प्रक्रिया सुरु भएको छ । शान्तिप्रक्रिया र राजनीतिक नेकपाले अगाडि वार्तामा आ-आफ्ना धारणा टेबुलमै प्रस्तुत गर्ने भएका छन् । सरकार र नेकपाबिच भएको ३ बुँदे सहमतिमा उल्लिखित बुँदाअनुसार सहमति-पत्रले वार्तालाई बाँधेको, नियन्त्रित र निर्देशित गरेको देखिन्छ । बरु वार्ताको टेबुलमा दुबै पक्षलाई जिम्मेवारीबोध र स्वतन्त्र शान्ति नहोस्, द्वन्द्व कायम होस् भन्ने चाहना राख्ने केही शक्तिहरूले ३ बुँदे सहमतिकै विरोध गरेका छन् । उनीहरूका अनुसार हतियार, हिंसा र संविधानको विषयमा दलाल पुँजीवादी धाराको थोत्रो धारणाभित्र विद्रोही पक्षलाई कैद गर्ने मनसुवा देखिन्छ । देश र नागरिकको अपेक्षाविपरीत अँध्यारो कुनामा गुपचुप लेनदेन गरेर (वास्तविक वार्ता सकेर) संसदीय व्यवस्थाको महिमागान गर्न-गराउन वार्ताको नाटक होस् भन्ने चाहन्छन् । उनीहरू अनावश्यक र जनविरोधी बखेडा झिकेर वार्ता प्रक्रिया नै अवरुद्ध गर्न उद्यत देखिन्छन् । नेकपा र सरकारबिच सुरु भएको वार्ताले देशको राजनीतिमा गम्भीर र ऐतिहासिक प्रभाव पार्ने नै छ । इतिहासको निर्माता जनता हुन् । त्यसैले, सहमति-पत्रले वार्ताको वातावरण बनाएर बाँकी फैसला जनताले गर्न पाउने वा त्यस




प्रकारको वातावरणको ढोका खोल्नु स्वागतयोग्य कदम हो । वार्तापूर्व नै वार्तालाई कैद गर्न चाहने तत्वहरू जनताका दुश्मन शक्तिहरू हुन् ।

२०४६ देखिका राजनीतिक घटनाक्रम र पटक-पटकका प्रयोगले के सावित गरिसकेको छ भने संसदीय व्यवस्था नै राजनीतिक अस्थिरताको मुहान हो । तर, संसदवादी दलहरू यो तर्कमा सहमत छैनन् । जनमत पनि यो विषयमा विभाजित देखिन्छ । पूर्वीय दर्शन र परम्पराअनुसार समाज सञ्चालनार्थ विवादित विषयमा वृद्ध बहस हुन्थ्यो । तथ्य र तर्कको श्रेष्ठताले शासन सञ्चालन गरिन्थ्यो । त्यस प्रकारको जनपक्षीय शैलीलाई 'शास्त्रार्थ' भनिन्थ्यो । वार्ता प्रक्रिया शास्त्रार्थकै आधुनिक शैली हो भन्न सकिन्छ । वार्ता प्रक्रियामार्फत् फरक-फरक जनमत हतियार, धम्की, दबाब,

... बाँकी पृष्ठ ७ मा

## जनतालाई व्यवस्था चुन्ने अधिकार दिनुपर्छ : विप्लव

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' ले एकचोटि यो व्यवस्था फेर्ने अधिकार नेपाली जनतालाई दिनुपर्ने बताउनुभएको छ । अखिल नेपाल महिला सङ्घ, क्रान्तिकारीको सातौँ राष्ट्रिय सम्मेलनको उद्घाटन सभालाई कपिलवस्तुको शिवगढीमा सम्बोधन गर्दै उहाँले अहिले चलिराखेको संसदीय व्यवस्था ठीक कि योभन्दा राम्रो वैज्ञानिक समाजवादी व्यवस्था ठीक भनेर जनतालाई चुनाव गर्न (जनमत-संग्रह) दिनुपर्ने

... बाँकी पृष्ठ ७ मा

## जनपत्रकार संगठन नेपालद्वारा नक्खु कारागारमा रहेका सुदर्शनलाई भेटघाट

**काठमाडौं ।** जनपत्रकार संगठन नेपालको तर्फबाट जेल हिरासतमा रहेका आस्थाका राजबन्दी भेटघाट अभियानअन्तर्गत नख्खु कारागरमा रहेका नेकपा स्थायी समिति सदस्य सुदर्शनलाई भेटघाट गरिएको छ । संगठनका केन्द्रीय संयोजक शेरबहादुर विश्वकको नेतृत्वमा गएको टोलीमा पत्रकार दिपेश शाही, शोभराज बराल, उमेश थापा, ईश्वर जैसी सहभागी थिए ।

भेटघाटको क्रममा नेता सुदर्शनले अबको समाजवादी आन्दोलनका लागि विचारधारात्मक काममा मुख्य जोड दिनुपर्ने र यसमा पनि राजनीतिक अर्थशास्त्रको क्षेत्रमा हिजो जनयुद्धकालदेखि नै अध्ययनको कमी रहेकोले पछिल्लो समयमा आफूले

... बाँकी पृष्ठ ७ मा

## जीवन बलिदान गर्ने तर सहिदका सपना मर्न नदिने विप्लवको प्रतिबद्धता



**गोपाल गिरी/काठमाडौं**

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' ले बरु जीवन बलिदान गर्ने तर सहिदका सपना मर्न नदिने प्रतिबद्धता व्यक्त गरेका छन् । शुक्रबार दिउँसो सरकारसँग भएको ३ बुँदे वार्तामा हस्ताक्षर कार्यक्रममा यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन् । नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले शान्तिपूर्ण राजनीतिप्रति प्रतिबद्ध रहेको पनि बताएका छन् । तर, ६ वर्षअघि लिएको एकीकृत जनक्रान्तिको कार्यक्रम भने कायमै रहेको पनि उनले बताए । वर्तमान

... बाँकी पृष्ठ ७ मा

## नेपाल कम्युनिस्ट पार्टी र सरकारबिचको वार्ता निष्कर्षमा : तीन बुँदे सहमति

**आशिष कुमार चौधरी/काठमाडौं**

नेपाल कम्युनिस्ट पार्टी र नेपाल सरकारबिच भएको वार्ता प्रक्रिया सकारात्मक निष्कर्षमा पुगेको छ । दुई दिनसम्म चलेको वार्तापश्चात् नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टीबिच तीन बुँदे सहमति भएको हो । सार्वजनिक गरिएको प्रेस नोटमा नेपाल सरकारका तर्फबाट गृहमन्त्री रामबहादुर थापा 'बादल' र नेपाल कम्युनिस्ट पार्टीका तर्फबाट पार्टी प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' द्वारा हस्ताक्षर गरिएको छ ।


सहमतिपत्र

सहमतिअनुसार नेपाल कम्युनिस्ट पार्टीमाथि लगाइएको प्रतिबन्ध हटाउने, सम्पूर्ण बन्दीहरू रिहा गर्ने र नेता-कार्यकर्तामाथि लगाइएका सबै मुद्दाहरू खारेज गर्ने सहमति भएको छ । त्यस्तै, नेपाल कम्युनिस्ट पार्टीले उठाउँदै आएका सम्पूर्ण राजनीतिक विषयहरूको समाधान संवादका माध्यमबाट गर्ने र आफ्ना सम्पूर्ण राजनीतिक

... बाँकी पृष्ठ ७ मा

## महासचिव विप्लवद्वारा १११ औँ श्रमिक महिला दिवसको अवसरमा शुभकामना व्यक्त

**झनक श्रेष्ठ/काठमाडौं**

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले विश्वभरिका श्रमजीवी महिलाहरूको ऐतिहासिक संघर्षको पर्याय र प्रेरणाश्रोत बनिरहेको महान् दिवस १११ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा महिलामाथिका सबै किसिमका विभेद, दमन, हिंसा र असमानताविरुद्धको संघर्षमा ऐक्यवद्धतासहित हार्दिक शुभकामना व्यक्त गरेका छन् । महासचिव विप्लवले शुभकामना वक्तव्यमार्फत् क्रान्तिकारी महिला आन्दोलनको गौरवपूर्ण विगतबाट ऊर्जा र शिक्षा लिँदै वर्तमान परिवर्तित विश्व परिस्थितिलाई दृष्टिगत र आत्मसात् गर्दै नयाँ ढंगबाट महिला आन्दोलनको विकास गरेर नै श्रमिक महिला आन्दोलनले आफ्नो लक्ष्य हासिल गर्न सफल हुने विश्वास व्यक्त गरेका हुन् ।

उनले बलात्कारजस्ता जघन्य अपराध र हिंसाहरू झनै बढिरहेकाले महिलामाथि हुने विभेद, शोषण, उत्पीडन, असमानता र दमन तथा त्यसका विरुद्ध संघर्ष र मुक्तिको सवाल केवल महिलाको मात्र सरोकारको विषय नभएर यो पुरुषसहित सम्पूर्ण सचेत नागरिकहरूको साझा सरोकार र दायित्वको विषय भएको र सबै किसिमका अन्याय, विभेद, असमानता, दमन र हिंसाविरुद्ध संघर्ष र पूर्ण मुक्तिका लागि कानुनी संघर्ष, सामाजिक जागरण र राजनीतिक संघर्षलाई समायोजन गर्दै त्यसको अग्रमोर्चामा महिलाहरू साथमा पुरुषसहित सबै तहका

... बाँकी पृष्ठ ७ मा

## रणनीतिक संयुक्त मोर्चाको इटहरीमा विशाल जनसभा सम्पन्न

**सरकारले वार्ताको नाममा षड्यन्त्र गरे संयुक्त मोर्चाले परास्त गरिछाड्नेछ : ऋषि कट्टेल**




**धनराज शाही/काठमाडौं**

काठमाडौं । रणनीतिक संयुक्त मोर्चाको आयोजनामा मंगलबार इटहरीमा विशाल जनसभा सम्पन्न भएको छ । देशका मुख्य मुख्य सहरहरूमा भव्य जनसभा गर्दै आएका मोर्चामा आबद्ध नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, मोहन वैद्य 'किरण' नेतृत्वको ने.क.पा. (क्रान्तिकारी-माओवादी), ऋषिराम कट्टेल नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी र विश्वभक्त दुलाल नेतृत्वको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका शीर्ष नेतालगायत अन्य स्वतन्त्र वाम बुद्धिजीवी नेताहरूको समेत सहभागिता रहेको थियो । सभालाई विप्लव

... बाँकी पृष्ठ ६ मा

# वार्ताबारे केही कुरा

**देश/परिवेश**

■ सञ्जीव



### आरम्भ

यतिखेर देशमा र एउटा सीमासम्म अन्तर्राष्ट्रिय रूपमा समेत नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टीका बिचमा प्रारम्भ गरिएको वार्ताको विषयमा सकारात्मक र नकारात्मक चर्चा र परिचर्चा भइरहेको छन् । कतिपयले यो वार्ता प्रक्रियालाई झन्डै डेढ दशकअगाडिको प्रचण्डको अन्धानुकरणका रूपमा बुझेका छन् भने कतिपयले विषयको गम्भीरता र आवश्यकताका रूपमा । कतिपयले यसलाई सकारात्मक रूपमा त कतिपयले नकारात्मक रूपमा टिप्पणी गरेका छन भने कतिपयले समस्या समाधानको रूपमा त कतिपयले बल्झाउनेका रूपमा । वार्ताबारे जेजस्ता नियत र कोणबाट चर्चा, परिचर्चा र हल्ला चलाए पनि यो आजको अनिवार्य राष्ट्रिय आवश्यकता बन्न पुगेको तथ्यलाई कसैले नकार्न सक्ने अवस्था छैन ।

आज देशमा कम्युनिस्ट दर्शन र विचारधाराको धज्जी उडाउँदै कम्युनिस्ट सरकारको नाममा नेपाल राष्ट्र र जनताविरुद्ध केपी ओलीको नेतृत्वमा विश्वमा असफलसिद्ध दलाल संसदीय व्यवस्था लादिएको छ । जसका कारण उनीहरूद्वारा अगाडि सारिएको सुखी नेपाली र समृद्ध नेपालको सरकारी नारातिर होइन, बरु देशमा तमाम प्रकारका समस्या बढेर गइरहेका छन् । ती समस्याहरू समाधानतर्फ होइन, अझ बढ्दै जाने कुरा पनि निश्चित छ । यसको एक मात्र समाधान वैज्ञानिक समाजवादी व्यवस्थाद्वारा मात्र सम्भव रहेको कुरा हामीले २०६२/०६३ मा चलेको सरकार माओवादी वार्ताको सन्दर्भमा, संविधानसभाको निर्वाचन र संविधान लेखनको प्रक्रिया हुँदै प्रचण्ड-बाबुरामहरूको आत्मसर्मपणवाद र विसर्जनवादका विरुद्ध विद्रोह गर्दै पार्टी पुनर्गठनको प्रक्रियादेखि निरन्तर उठाउँदै आइरहेका छौं । हाम्रो कुरालाई बेवास्ता गरेका कारण वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापनाका लागि देशमा विगत ६ वर्षदेखि नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा एकीकृत जनक्रान्ति अघि बढिरहेको छ ।

एकीकृत जनक्रान्ति विगत इतिहास अर्थात् २० औं शताब्दीमा कम्युनिस्ट पार्टीहरूद्वारा समाजवादी सता स्थापनाका लागि दुनियाँमा सञ्चालन गरिएका कम्युनिस्ट क्रान्तिको विकसित र नयाँ प्रयोग हो । यसको संश्लेषण र प्रयोगको प्रारम्भिक दिनहरूमा हाम्रो पार्टी र यसको आविष्कार गर्ने मुख्य नेतृत्वमाथि विभिन्न भ्रमसहित आरोपहरू थोपरिएको थियो । एकीकृत जनक्रान्तिलाई जनयुद्धको हवाला

... बाँकी पृष्ठ २ मा

## सम्पादकीय

# ८ मार्चको सार्थकता

हरेक वर्षजस्तै यस वर्ष पनि संसारभरिका श्रमिक महिलाहरूले १११ औँ श्रमिक महिला दिवस विभिन्न कार्यक्रम गरी मनाएका छन् । श्रमिक महिलामाथि भएको विभेदको विरुद्ध महिला नेतृ क्लारा जेट्किनको नेतृत्वमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको जग हालिएको थियो । महिलामाथि हिंसा, विभेद र शोषणको शृङ्खला कायमै रहेको कारण यसको सान्दर्भिकता अझै बढेको छ ।

एक विज्ञप्ति जारी गर्दै नेकपाका महासचिव विप्लवले भन्नुभएको छ, 'विश्वभरिका श्रमजीवी महिलाहरूको ऐतिहासिक सङ्घर्षको पर्याय र प्रेरणाश्रोत बनिरहेको महान् दिवस १११ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा सहिदमाथिका सबै किसिमका विभेद, दमन, हिंसा र असमानताविरुद्ध ऐक्यवद्धतासहित हार्दिक शुभकामना व्यक्त गर्दछौँ । २० औँ शताब्दीमा संसार झकझकाउने महिला आन्दोलनको परिणाम महिलाहरूका पक्षमा विभिन्न अधिकारहरू स्थापित गर्न सफल रहे पनि आज २१ औँ शताब्दीमा समेत महिलाहरूमाथि अनेकौँ उत्पीडन, दमन, हिंसा र असमानताहरू कायमै छन् । असमानताका विरुद्ध संसारभर विभिन्न स्वरूपमा सङ्घर्षहरू पनि निरन्तर अघि बढिरहेका छन् ।'

नेकपा निकट महिला संगठनले ८ मार्चकै अवसर पारेर आफ्नो राष्ट्रिय सम्मेलन आयोजना गर्नु र त्यसमा पार्टी महासचिव विप्लवले सम्बोधन गर्नुले श्रमिक महिलाहरूले ८ मार्चलाई आन्दोलनकै रूपमा मनाउनुपर्ने सन्देश दिएको छ । अहिले पनि अनेकौँ उत्पीडन, दमन, विभेद, हिंसा र असमानता कायमै छन् । राज्यको असफलता र असक्षमताका कारण बलात्कार र हत्याका घटनाहरू बढिरहेका छन् । महिला स्वतन्त्रता समाज स्वतन्त्रताको पूर्वशर्त हो ।

त्यसैले, ८ मार्च र महिला मुक्तिको प्रश्न सबै न्यायप्रेमी र बौद्धिक समुदायको सरोकारको विषय हो । त्यसैले महिला मुक्तिको लागि कानुनी सङ्घर्ष, सामाजिक, आर्थिक विभेदको अन्त्य र राजनीतिक सङ्घर्षलाई समायोजन गरेर उत्पीडनका विरुद्ध एकीकृत प्रहार गर्नुपर्छ । त्यसकारण, ८ मार्चको विरासतबाट शिक्षा लिँदै आजको विश्व परिस्थितिअनुसार नेतृत्व दिन श्रमिक महिला दिवसलाई सांस्कृतिक पर्वमा झार्ने षड्यन्त्र र शैली पराजित गर्न सरोकारवाला सबैलाई प्रेरणा मिलोस्, हार्दिक शुभकामना !

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

## वार्ताबारे केही ...

दिएर दमन गर्ने र हाम्रो पार्टीलाई जनताबाट विकर्षण गर्न दलाल तथा सामाजिक दलाल पार्टी तथा उनीहरूद्वारा नेतृत्व गरिएको सरकारद्वारा हजारौँ जोरजुलुम गरियो । आफूलाई आमूल परिवर्तनकारी कम्युनिस्ट बताउने पार्टी र तिनका केही नेताहरूद्वारा हाम्रो निष्कर्ष र संश्लेषणलाई मार्क्सभन्दा बढी जान्न चाहेको, भएको वा परम्परागत कम्युनिस्ट ढर्राको आँखाबाट हेर्दै विचलनको संज्ञा दिइयो । त्यस प्रकारका सत्रुतापूर्ण र मित्रतापूर्ण घेराबन्दी र आक्रमणको विरुद्ध हामीले विचारधारात्मक संघर्ष सञ्चालन गर्दै सिंगो पार्टी र जनसमुदायलाई प्रशिक्षित गरिरह्यौँ । हाम्रो पार्टीलाई उत्तेजित बनाउँदै युद्ध भड्काउने र कमिसनको खेल खेल्ने तत्वहरूका सपनाहरू असफल भएपछि विभिन्न भ्रम सिर्जना गर्ने र जनतालाई हाम्रो पार्टीबाट अलग गर्दै आफ्नो निहित स्वार्थ पूरा गर्ने उद्देश्य पूरा नभएपछि अन्ततः सत्तासीन सामाजिक दलालहरूले हाम्रो पार्टीमाथि कथित प्रतिबन्ध लगाउँदै लुटेरा समूह भन्न पुगे । नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गरी भिडन्तको नाममा हत्या गर्ने, गिरफ्तार गरी दर्जनौँ झुट्टा मुद्दा लगाउँदै देशव्यापी प्रहरी हिरासतहरूमा शारीरिक र मानसिक यातनासहित राख्ने, प्रहरी अप्रेसनद्वारा जनतालाई तर्साउने र हाम्रो पार्टीको नेतृत्व र आह्वानमा जनताद्वारा निर्माण गरिएका संरचनाहरूको ध्वंस गर्नेलगायतका थुप्रै षड्यन्त्रकारी योजनाका तानाबाना निर्माण गरियो ।

हाम्रो पार्टीद्वारा अस्वीकार गरिएको जनविरोधी संविधान र कानुनलाई मान्नुपर्ने शर्तका अलावा नक्कली कूतर्क र दमनका लागि आधार तयार गर्न हातहतियार बुझाउनुपर्ने अन्यथा एकाध महिनामा सकिने उर्दीका साथ हाम्रोविरुद्ध राजनीतिक र फौजी आक्रमणलाई व्यापक बनाइयो । पार्टीको विकसित नयाँ विचार, कार्यदिशा र त्यसको प्रयोगमा अहोरात्र खटेका पार्टीका हजारौँ नेता-कार्यकर्ताहरूले सामाजिक दलालहरूको उक्त दमन अभियानका विरुद्ध आफूलाई सतिसालझैँ खडा गरेर निरन्तर क्रान्तिमा डटी मात्र रहेनन्, बरु राष्ट्र र जनताको मुक्ति र परिवर्तनका लागि समर्पित नेता-कार्यकर्ताहरूले दमनको निरन्तर प्रतिरोध गर्दै आफूलाई सुदृढ र विस्तारित गरिरहे । यसबिचमा आन्तरिक दुर्घटना र गिरफ्तार गरी हत्या गरिएका तथा प्रतिरोध संघर्षका एवम् जेल-हिरासतमा यातना र दमनका कारण भएका सहादतहरूलाई हेर्दा एक दर्जनभन्दा बढी कमरेडहरूले वीरतापूर्ण सहादत प्राप्त गरेका छन् भने सयौँ कमरेडहरू अहिले जेल तथा हिरासत मोर्चामा संघर्षरत रहेका छन् ।

पार्टीले नयाँ कार्यदिशा मुताविक राष्ट्रघात, जनघात, महँगी, भ्रष्टाचार तथा दलाल तत्वहरूका विरुद्धमा संघर्ष र उनीहरूका दमनको प्रतिरोधका साथै, विभिन्न अभियानमार्फत् जनसम्बन्धलाई व्यापक रूपमा विस्तारित गर्दै लग्यो । एकातिर पार्टीले आफ्नो उद्देश्यमा एकपछि अर्को सफलता प्राप्त गर्दै गयो भने अर्कोतिर नागरिक समाज, मानव अधिकारवादी, बौद्धिक व्यक्तित्व, विभिन्न राजनीतिक दलमा आवद्ध नेता-कार्यकर्ता, पत्रकार तथा अवकासप्राप्त सुरक्षा निकायका प्रमुखहरूसमेतले हाम्रो पार्टी र क्रान्तिको समर्थनमा र सामाजिक दलाल सरकारको राष्ट्रघाती तथा जनघाती क्रियाकलापको विरुद्धमा निरन्तर भण्डाफोर अभियान सञ्चालन गरिरहे । यसका साथै, जनतामा पनि सरकारका कामहरूप्रति व्यापक असन्तुष्टि र सत्ताधारी सामाजिक दलालहरूको पार्टीमा सत्तासंघर्षले अन्ततः पार्टी फुटसम्म पुऱ्याएको परिणामत वर्तमान सरकार र नेपाल कम्युनिस्ट पार्टीका बिचमा वार्ताको वातावरण बनेको तथ्य घामझैँ छर्लङ्ग छ ।

### शान्ति वार्ताका प्रस्ताव

हालसम्म सरकार र कम्युनिस्ट पार्टीका तर्फवाट वार्ताका सन्दर्भमा केवल ३ बुँदे सहमतिपत्रमा हस्ताक्षर सम्पन्न भएको छ । उक्त ३ बुँदे सहमतिपत्रले आगामी दिनमा विस्तृत रूप लिँदै जाने छ । यसका साथै, यो तथ्य पनि स्पष्ट छ कि सरकारको तर्फवाट देशका विद्यमान तमाम प्रकारका समस्या समाधानका लागि कति जिम्मेवारपूर्वक हाम्रा प्रस्तावहरू अध्ययन गरिन्छ र कार्यान्वयन गर्ने प्रयत्न गरिन्छ, त्यसले नै देशको शान्ति, परिवर्तन र अग्रगमनको लागि निर्णायक भूमिका निर्वाह गर्नेछ । जहाँसम्म हाम्रो पार्टीको राजनीतिक प्रस्तावको कुरा छ, हामी देश र जनताको विद्यमान समस्याहरूको समाधानका निम्ति नै आफूलाई समर्पित गरेका छौँ । आगामी दिनहरू अर्थात् राष्ट्र र जनताको पूर्णमुक्ति नहुञ्जेल हामीले यही कुरालाई मार्गदर्शनका रूपमा प्रयोग गर्दै अघि बढिरहनेछौँ । माथि चर्चा गरिएझैँ हाम्रो स्पष्ट दृष्टिकोण छ कि देशको विद्यमान समस्याको समाधान दलाल संसदीय व्यवस्थाको विकल्प खोजेर मात्र सम्भव छ । राजासहित र राजारहितका रूपमा सञ्चालन गरिएको संसदीय व्यवस्था जसअन्तर्गत २०४६ सालपछिका ३१ वर्ष र नेपाली काँग्रेसको नेतृत्वमा २००७ देखि २०१७ सम्मको १० वर्षको अवधिलाई हिसाब गर्दा करिब ४१ वर्ष नेपालमा संसदीय व्यवस्था सञ्चालन गरिएको छ । २०१७ सालपछिको राजाको निर्दलीय पञ्चायती व्यवस्था तथा काँग्रेस र कम्युनिस्ट पार्टीद्वारा सञ्चालन गरिएका बहुदलीय संसदीय व्यवस्था पूर्णरूपले असफल सावित भएकै कारण आज हामी यो अवस्थामा छौँ ।

करिब ६ दशकअघिसम्म हामीसँगै विकासको एउटै सूचाङ्कमा रहेका हाम्रा छिमेकी मुलुकहरू चीन र भारत-जो सयौँ वर्ष क्रमशः जापान र बेलायतको उपनिवेश बनेका थिए, आज उनीहरूले गरेको विकास र प्रगतिले सिंगो मानव समाजलाई अमूल्य योगदान गरिरहेको छ भने हामी अहिले पनि अल्पविकसित मुलुकको सूचाङ्कमा रहेका छौँ । यसबाट स्वाभिमानी नेपालीहरूलाई लज्जाबोध भइरहेको छ । दुई विशाल छिमेकी मुलुकहरू वैदेशिक शक्तिकेन्द्रको चङ्गुल बनिरहदा हाम्रा वीर पुर्खाहरूले आफ्नो वीरता र बलिदानबाट स्वतन्त्र र सार्वभौम राख्न सफल मात्र होइन, कैयौँ छिमेकी मुलुकलाई आर्थिक सहयोग गर्ने हैसियत राख्ने हाम्रो मुलुक आज उनीहरूकै सहयोगमा बाँच्नुपर्दा स्वाभिमानी नेपालीको मुटु घोचिरहेको छ । देशको तथ्याङ्कलाई हेर्दा आयात-निर्यातमा रहेको भयंकर असन्तुलन, व्यापार घाटा, वैदेशिक ऋण, बेरोजगारी, भ्रष्टाचार, महँगी तथा सामाजिक विकृति र विसंगतिले हामी नराम्रोसँग जकडिएका छौँ । तसर्थ, अबको देशको अग्रगामी राजनीतिक निकास वैदेशिक शक्तिकेन्द्रको गुलाम बनाउने संसदीय व्यवस्थाको सुधार हुन सक्दैन । फेरि त्यसै विषयमा केन्द्रित हुनु भनेको देश र जनतामाथिको गद्दारी र धोकासिवाय केही हुन सक्दैन । जसले देश र जनताका वर्तमान समस्याहरूलाई समाधान होइन, अरू बढाउनेछ । यसको समाधान केवल वैज्ञानिक समाजवादी व्यवस्थाद्वारा मात्र सम्भव छ ।

संसदीय व्यवस्था अन्तर्राष्ट्रिय रूपमा असफल भएको एउटा सानो दृष्टान्त हेरौँ- कोभिड १९ महामारीका सन्दर्भमा सिंगो मानव समुदायले देख्ने गरी स्पष्ट भयो कि आफूलाई संसदीय व्यवस्थाको जननी ठान्ने बेलायत, संसारको अति शक्तिशाली र दुनियाँलाई शान्ति र प्रजातन्त्रको पाठ पढाउने अमेरिका, समग्र मानव विकासको सूचाङ्कमा उच्चस्थानमा रहेका युरोपियन मुलुकमा भएको मानवीय क्षतिले संसदीय व्यवस्था जनउत्तरदायी छैन, बरु त्यसको तुलनामा आफूलाई समाजवादी देश बताउने मुलुकहरूमा जस्तो कि चीन, कोरिया, क्युबा, भेनेजुयलालगायतका मुलुकहरूमा आँशिक रूपमा मात्र भएको मानवीय क्षतिले संसदीय व्यवस्थाको तुलनामा समाजवादी सत्ता नै उत्कृष्ट सावित गरिदिएको छ । यस अर्थमा कि संसदीय याने कि पुँजीवादी शासन व्यवस्थामा सरकार जनताको जीवनसँग खेलवाड गर्दै शासकहरू केवल नाफा घाटाको हिसाबमा रहन्छन् भने समाजवादी शासन व्यवस्थामा सरकार जनताको गास, वास, कपास, शिक्षा, स्वास्थ्य र खाद्य सम्प्रभुतामा जवाफदेही रहन पुग्दछ । संसदीय व्यवस्था सञ्चालनमा रहेका बेलायत, अमेरिका र युरोपियन मुलुकहरूका शासक वर्गमा रहेको गैरजिम्मेवारीपन सरकारका कारण भएको मानवीय क्षति र आफूलाई समाजवादी मुलुक बताइरहेका चीन, उत्तर कोरिया, क्युबा, भेनेजुयलालगायतका मुलुकहरूका शासक वर्गहरूमा देखा परेको जनउत्तरदायी सरकारका कारण भएका आँशिक मानवीय क्षतिहरूले संसदीय पुँजीवादी राज्यव्यवस्था र समाजवादी राज्यव्यवस्थाको अन्तरलाई स्पष्ट गर्दछ । यस सन्दर्भमा राजनीतिक प्रणाली र व्यवस्थाका याने कि पुँजीवाद र समाजवादका बारेमा विश्वव्यापी नयाँ बहसहरू पनि भइरहेका छन् ।

वैज्ञानिक समाजवादी राज्यव्यवस्थामा जनताको गास, वास, कपास, शिक्षा, स्वास्थ्य, सञ्चार र रोजगारको जिम्मेवारी सरकारको रहन्छ । त्यस प्रकारको आवश्यकता नै आज हाम्रो देशको राष्ट्रिय आवश्यकता बनेको छ । यसका साथै, राष्ट्रिय स्वाधीनताका दृष्टिले अहिले पनि हामी नवऔपनिवेशिक धरातलमा रहेका छौँ । तत्कालीन इस्ट इन्डिया कम्पनीसँगको सम्झौतापछि गुमेको एकतिहाइ भूगोल त्यसमा पनि स्पष्ट नक्साङ्कन हुन नसक्दा वैदेशिक हस्तक्षेप बढिरहेको छ । अहिले पनि भारतद्वारा देशका विभिन्न भागमा हस्तक्षेप गरी ७० हजार हेक्टरभन्दा बढी जमिन कब्जा गरिएको छ । लिपुलेकको बारेमा केही महिनाअगाडि जेजस्तो चर्चा गरिए पनि वास्तविकता त्योभन्दा फरक छ । जलश्रोतसम्बन्धी विभिन्न सन्धि सम्झौताहरू लादिएको छ । यसको एक मात्र कारण हामी सारमा स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न हुन नसक्नु हो । राष्ट्रिय स्वाधीनताको लागि पनि हामीलाई वैज्ञानिक समाजवादी राज्यसत्ताको आवश्यकता रहेको छ । यसका लागि विगतमा झैँ विदेशीहरूको प्रभावमा नपरी हामी नेपालीहरूले स्वतन्त्रतापूर्वक निर्णय गर्न सक्यौँ भने मात्र अधोगतितर्फ लागिरहेको हाम्रो मुलुक र जनताका लागि अग्रगामी दिशा हुनेछ । वार्ताका लागी यो मुख्य राजनीतिक प्रस्ताव हुनेछ भने कथित प्रतिबन्ध हटाउने, जेल तथा हिरासतमा रहेका नेता-कार्यकर्ताहरूको रिहाइ तथा झुट्टा मुद्दाहरूको खारेजीजस्ता सहायक प्रस्तावहरूको कार्यान्वयनले मूल प्रस्तावमा प्रवेश गर्न र वर्तमान वार्ता प्रक्रियालाई सफल तुल्याउन मद्दत गर्नेछ ।

### विभिन्न भ्रम, आशँका र यथार्थ

भर्खरै शुभारम्भ भएको सरकार र नेकपाबिचको वार्ता प्रक्रियाले विभिन्न तह, तप्का र एउटा सीमासम्म क्रान्तिप्रिय जनसमुदायसम्म विभिन्न भ्रम र आशँकाहरू उत्पन्न भएका छन् । फेरि यो पार्टी पनि प्रचण्डहरूकै पथमा जाने हो कि, फेरि पनि जनता र राष्ट्रप्रति गद्दारी र धोका हुने हो कि आदि । अर्कोतिर जनविरोधी तत्वहरू हाम्रो पार्टीले अगाडि सारेका अग्रगामी राजनीतिक प्रस्तावलाई ध्वंस गर्नका लागि जोरजुलुम गरेर लागिरहेका छन् र विभिन्न उत्तेजनात्मक अभिव्यक्तिहरू दिइरहेका छन् । वर्गीय समाजमा यसो हुनुलाई धेरै अन्यथा नलिई स्वभाविक मान्नुपर्दछ । किनकि अग्रगामी र पश्चगामी, नवीनतम् र पुरातन तथा गुणात्मक छलाङ र यथास्थितिका बिचमा संघर्ष हुनु समाज विकासको अनिवार्य नियम नै हो भने अर्को तथ्य यो हो कि त्यस प्रकारको संघर्षमा अग्रगामी, नवीनतम् र गुणात्मक छलाङको विचारले अनिवार्य विजय हासिल गर्दछ भने पश्चगामी, पुरातन र यथास्थितिवादी विचारको अनिवार्य पराजय हुने गर्दछ । यो नियम हाम्रो सन्दर्भमा पनि त्यत्तिकै सत्य सावित हुनेछ । हामीले वार्ताका सन्दर्भमा थुप्रै अन्तर्राष्ट्रिय अनुभवहरूका साथै, हाम्रो आफ्नै जीवनकालमा पनि केही महत्वपूर्ण शिक्षाहरू संश्लेषण गरेका छौँ ।

२०६२/६३ सम्मका शान्ति वार्ता प्रक्रियाहरूलाई हेर्दा प्रायः वैदेशिक शक्तिकेन्द्रहरूले वार्ताको सहजीकरण गर्ने र उनीहरूकै अनुकूलतामा सम्झौताहरू हुने गरेका छन् । फलतः ती सम्झौताहरूले राष्ट्र र जनतालाई यथास्थितिमा छोड्दै उनीहरूकै पराधीनतालाई स्वीकार गर्न बाध्यकारी बनाउने गरेको छ । राष्ट्र र जनताको मुक्ति र परिवर्तनका लागि सञ्चालन गरिएका संघर्ष तथा युद्धहरूमा भएका सहिदहरूका सपनाको बेवास्ता, जनतालाई यथास्थितिमा छोडेर केही नेता तथा कार्यकर्ताहरूको व्यवस्थापनसहित पुरानै व्यवस्थाको रंगरोगन गरिएका दृष्टान्तहरू नै हाम्राअगाडिका यथार्थ तथ्यहरू हुन् । जहाँसम्म हाम्रो पार्टी र अहिलेको वार्ता प्रक्रियाको सवाल छ, हामी इतिहासका माथि उल्लिखित घटनाक्रमहरूबाट महत्वपूर्ण शिक्षा लिँदै आफूलाई केवल राष्ट्र र जनताप्रति समर्पित गरेका छौँ । त्यसो त हाम्रो पार्टीको पुनर्गठन नै आत्मसर्पणवाद र विर्सजनवादको विनासकारी खरानीको बिचवाट भएको हो । कतिपय मित्रहरूले जानेर वा नजानेर इतिहासमा सम्पन्न अन्धनक्कलका रूपमा यो वार्ता प्रक्रियाको व्याख्या गरेको पनि यदाकदा सुनिन्छ । त्यस प्रकारको अत्यन्त हल्का टिप्पणीहरू अन्धाले हाती छामेको अर्थमा बुझ्न सकिन्छ ।

मुख्यतः यो पार्टीको मुख्य नेतृत्व जसले शान्ति वार्ता र संविधान निर्माणको प्रक्रियामा सहजै प्राप्त हुन सक्ने थुप्रै व्यक्तिगत सेवा सुविधाहरूलाई त्यागेर जनताको झुपडीमा फर्कियो र प्रतिक्रान्तिको विषालु हावा चलिरहेको अवस्थामा कम्युनिस्ट पार्टीको पुनर्गठन, नयाँ र मौलिक कम्युनिस्ट कार्यदिशाको निर्माण गर्दै राष्ट्र एवम् जनताप्रति आफूलाई समर्पित गर्दै क्रान्तिको नयाँ रक्तसँचार जागरण गर्न पुग्यो । राष्ट्र र जनताको मुक्ति र परिवर्तनको मुख्य उद्देश्यका खातिर जनतासँगै रहेर बाँच्ने तथा हराभरा जीवनका लागि निरन्तर क्रान्तिमा रहने हाम्रो जीवन पद्धति बनेको छ । यस अर्थमा बरु हामीले बलिदान गर्नेछौँ तर आत्मसर्मपण र गद्दारी कुनै हालतमा स्वीकार्य हुन सक्दैन । भर्खरै प्रारम्भ भएको वार्ताका सर्न्दमा अहिले यति चर्चा गर्नु नै पर्याप्त हुनेछ । आगामी दिनहरूमा हाम्रा सैद्धान्तिक प्रतिवद्धताहरू क्रमशः व्यवहारतः सावित हुँदै जाने कुराले अहिले विभिन्न कोणबाट उठिरहेका आशँका, भ्रम र यर्थाथलाई वास्तविकताको कसीमा व्यक्त हुँदै जानेछ ।

### निष्कर्ष

माथि हामीले शान्ति वार्ताका सन्दर्भमा चलिरहेका विभिन्न सकारात्मक र नकारात्मक चर्चा र परिचर्चाहरू तथा हाम्रा प्रस्ताव र प्रतिवद्धताका बारेमा संक्षेपमा छलफल गऱ्यौँ । यो वार्ता प्रक्रियाका सन्दर्भमा हामीले नेपाली राजनीतिक आन्दोलनका विभिन्न कालखण्डहरूमा वैदेशिक शक्तिकेन्द्रहरूले वार्ताको सहजीकरण गर्ने प्रक्रियाको अन्त्य गरेका छौँ । यसका साथै, हामी यो कुरामा पनि आशावादी छौँ कि नेपाल राष्ट्र र जनताको समस्या समाधान गर्न पनि हामी स्वतन्त्र रूपमा सफल हुनेछौँ । वैदेशिक शक्तिकेन्द्रहरूको चङ्गुलबाट देशलाई मुक्त गर्न र देशलाई एउटा स्वतन्त्र र आत्मनिर्भर, जनताको इच्छा र आवश्यकता अनुकूलताको राज्यसता स्थापना गर्न वर्तमान सरकारले हिम्मत गर्नेछ । आफूलाई बौद्धिक र राजनीतिकर्मी बताउने केही मान्छेहरू देशमा सशस्त्र युद्धको वातावरण नभएकोले कम्युनिस्ट पार्टी शान्ति प्रक्रियामा प्रवेश गरेको हल्ला पनि चलाइरहेका छन् ।

वास्तवमा हामीले युद्ध होइन, क्रान्ति भनेका छौँ । युद्धले खासखास बेलामा समाज रूपान्तरणमा प्रधान भूमिका निर्वाह गर्दछ भने क्रान्ति निरन्तर चलिरहने प्रक्रिया हो । त्यसलाई हामीले एकीकृत जनक्रान्ति संश्लेषण गरेका छौँ । यो कुनै परम्परागत ढर्राको कम्युनिस्ट क्रान्ति होइन, बरु आजको विकसित विश्व र नेपाली समाजको यथार्थतालाई दृष्टिगत गरी संश्लेषण गरिएको हो । शान्ति वार्ताको प्रक्रिया होस् या विभिन्न संघर्षका मोर्चाको प्रक्रिया होस्, हामीले देश र जनताले जित्ने गर्री क्रान्तिलाई जारी राख्नुपर्दछ । त्यसमा आफूलाई समर्पित गर्नुपर्दछ । वर्तमान सरकार र हाम्रो पार्टीका बिचमा चालु वार्ता प्रक्रियाका बारेमा फेरि धोका र गद्दारी हुने हो कि भन्ने आशँकाका सन्दर्भमा यति भन्नु उपयुक्त हुन्छ कि नेपाली राजनीतिक आन्दोलनमा लामो समयदेखि जरा गाडेर बसेको आत्मसर्मपणवाद र विसर्जनवादको विषालु जहरका विरुद्धमा सञ्चालन गरिएको संघर्षको बिचबाट खारिएको अब्बल नेतृत्व, नेपाली समाजलाई वैज्ञानिक समाजवादी राज्यसत्तामा रूपान्तरण गर्ने अटुट र दृढ सँकल्प, सुदृढ र सुसँगत कम्युनिस्ट पार्टी संगठन र आफ्नो योजना र कार्यक्रमप्रतिको बफादारिता र कार्यतत्परतालाई जोड्न सकियो भने नेपाल राष्ट्र र जनताको भाग्य र भविष्यको फैसला गर्न हामी सफल हुने कुरालाई कसैले रोक्न सक्नेछैन ।

*(लेखक नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य हुनुहुन्छ ।)*

# देशमा कस्तो सत्ता र व्यवस्था हुने भन्ने कुरा जनतालाई फैसला गर्न दिऊँ




» ***कमरेड प्रवक्ता, नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टीबिच सम्पन्न सहमतिको मुख्य विषयहरू के के हुन् र यसको अपरिहार्यताबारे भनिदिनुहुन्छ कि?***

आजको सहमतिको मूल विषय भनेको राजनीतिक विषय हो। देशमा अहिले जुन किसिमको संकट पैदा भएका छ, त्यो राष्ट्रिय संकट विगतको भन्दा हजारौँगुणा खतरामा रहेको र विगतमा नेपाली जनताले गरेका विभिन्न संघर्षबाट उपलब्ध राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक सबैखालका अधिकारहरू खोसिँदै गएको, नेपाली समाज जर्जर हुँदै गएको एवम् यसको योगमा चरम राष्ट्रिय संकट पैदा भएको छ।

यसको कारक तत्व २०६२/०६३ मा क्रान्तिका विरुद्ध भएको प्रतिक्रान्ति हो । अहिले नेपालमा नेपाली जनताले यो देशको मुक्ति र स्वाधीनता चाहेका थिए । त्यसको खिलाफमा प्रतिक्रान्ति भयो। यहाँ आउने बेलामा उत्पीडित वर्ग, समुदाय, लिंग, क्षेत्रलगायत समग्र नेपाली जनताले आफ्नो राज्यसत्ता चाहेका थिए। शासन व्यवस्था र पार्टी चाहेका थिए । तर, जनता सडकमा र त्यसका विरुद्ध देशमा दलाल पुँजीवादी व्यवस्था आयो । जनता र श्रमजीवी वर्ग सडकमा आयो। त्यसको शासन व्यवस्था बलात् विस्थापित गरियो । त्यो देशका प्रतिक्रियावादी दलालहरूलाई विदेशी शक्तिहरूको षड्यन्त्रमा थुपारियो। त्यसको परिणाम अहिलेको राष्ट्रिय संकट हो । यो संकट दलाल संसदीय व्यवस्थाले निम्त्यायो । यसको समाधान भनेको यो सबैको अन्त्य हो। राजनीतिक रूपमा हामी यसको लागि तयार छौँ। के सरकार तयार छ ? हामी सबै समस्याको समाधान दिन्छौँ। हामीसँग प्रतिस्पर्धा गर्न जुन राजनीतिक पार्टी आउँछ, हामी त्यसमा तयार छौँ । त्यहाँ जनताले फैसला गर्ने विधि र नीति सुनिश्चित गरिनुपर्छ। यसमा सरकार सकारात्मक भयो।

शान्तिपूर्ण ढंगले आफ्ना विचार, नीति, कार्यक्रमलाई अगाडि लिने सन्दर्भमा ठीक छ भन्ने ठाउँमा सरकार आएपछि अहिले समस्याको अग्रगामी निकास, क्रान्तिकारी निकास, अहिलेको व्यवस्था सत्ता र अहिलेको संविधान र अहिलेका शासन परिवर्तन गरेर जनताको वैकल्पिक र अग्रगामी निकास दिनको निम्ति तयार भएपछि समाधान निस्केको हो । त्यससँगै वैदेशिक कर्पोरेट पुँजीले राष्ट्रिय पुँजीलाई कमजोर पार्ने परिस्थितिको अन्त्य गर्नुपर्छ। राष्ट्रिय अर्थतन्त्रको जग बसाल्ने, उद्योगधन्दालाई संगठित गर्ने र अगाडि बढाउने त्यो जनताको श्रमशक्तिद्वारा निर्मित हुने अर्थ-व्यवस्था चाहियो । यो देशमा त्यो जरुरी छ। हामीले यो कुरा भनेपछि सरकार पनि यसमा तयार भयो। मुख्य छलफल त्यहाँ भएको छ, समझदारी पनि त्यही हो। हामीले त्यसलाई शान्तिपूर्ण ढंगले अगाडि बढाउँछौँ भनेका छौँ। बाँकी विषयमा भोलि सरकार र अन्य राजनीतिक दलहरूसँग कुरा होला।

संसद् पुनर्स्थापना समाधान होइन भनेका छौँ। पात्र फेरेर जनतालाई ढाँटेर सरकारमा जाने कुरा मात्र हो। यसको अन्त्य हुनुपर्छ। व्यवस्थाका हिसाबले वैज्ञानिक समाजवाद चाहिन्छ। सत्ताका हिसाबले उत्पीडित जनता र वर्गको व्यवस्था चाहिन्छ। यो वातावरण बनाउने कुरा हो । राजनीतिक मुद्दामा छलफलमा शान्तिपूर्ण ढंगले अघि बढ्ने सहमति भएको छ।

» ***हालै सम्पन्न तीन बुँदे सहमति रातारात गरियो भन्ने छ, यो सहमति कसरी सम्भव हुन गयो, यसका आधारहरू के के हुन ?***

सरकार र हामीबिच विगत दुई वर्षदेखि टसल पर्दै आएपछि हामीले आ-आफ्ना कार्यक्रम अघि बढाइरहेका थियौँ । त्यो राजनीतिक संघर्ष थियो । त्यो जनसंघर्ष सशस्त्र मोर्चाका रूपमा अघि बढेको थियो । तर अहिलेको परिस्थितिले राजनीतिक संघर्षलाई मुख्य बनाउने ठाउँमा ल्यायो। यो सहमति र सम्झौताको कुरा मुख्य हो। यो विषय हाम्रो टसल सुरु भएदेखि नै सँगै चलिरहेको छ। त्यतिबेला संघर्ष मुख्य र वार्ता सहायक थियो। अहिले आएर वार्ताको विषय मुख्य बनेको हो। सचेतता र विवेकपूर्ण ढंगले राष्ट्र र देशको हितविपरीत कसैले खेल्न नपाओस् भनेर हामीले कदम चालेर यसरी छिटो सम्भव तुल्याएका हौँ। बाहिरबाट हेर्दा यो छिटो भए जस्तो लागे पनि तर यथार्थ त्यस्तो होइन। परिणाम छिटो लागे पनि कारण विगत डेढवर्षदेखि पहल भइरहेको थियो।

नेपालमा संसदीय व्यवस्था र सत्तालाई जनताले पटक पटक अवसर दिए पनि समस्या समाधान हुनेभन्दा झन् डरलाग्दो र संकटमा पर्ने स्थिति आयो । त्यसो भएपछि जनताले हामी आउनुपर्‍यो भनेर सडकबाट माग गर्‍यो। जनताले जताबाट हेर्दा पनि संकट मात्रै देखियो । जुनकीरी बलेको पनि नदेख्ने स्थिति बन्यो। यस्तो बेलामा हामीले पहल नलिने हो भने बढो दुर्दशा हुन्छ भन्ने हामीले निष्कर्ष, विश्लेषण र दायित्वबोध गर्‍यौँ।

सरकारले पनि हामीलाई प्रत्यक्ष-अप्रत्यक्ष छलफल गर्दै जाँदा हामी गम्भीर शक्ति हौँ भन्नेमा स्वीकार गर्‍यो। त्यसैले शान्तिपूर्ण मोर्चामा आउँछ भने यसलाई राजनीतिक वातावरण बनाइदिनुपर्छ भन्नेमा सरकार पुग्यो।

» ***यतिबेला तपाईंहरूलाई वार्ता र सहमतिको लागि के कुराल प्रेरित गर्‍यो ?***

जनता क्रान्ति चाहन्छ, आफ्नो अधिकार स्थापित गराउन चाहन्छ, आमूल परिवर्तन होस् भन्ने चाहन्छ, देशको प्रगति उन्नति सबै चाहन्छ। जनताको यो आकांक्षालाई परिपूर्ति गर्नेगरी हामीले आफूलाई तयार गर्नु नै सबैभन्दा उत्तम ठान्यौँ। त्यसका लागि हामीले पहलकदमी लिएका हौँ। यसलाई राम्रोसँग व्यवस्थापन गर्न सक्दा सरकारलाई पनि फाइदा नै हुन्छ। तर, मुख्य राष्ट्र र जनतालाई नै फाइदा हुन्छ।

» ***यो सहमति नेपाल कम्युनिस्ट पार्टी र आम जनताका लागि के महत्व राख्छ, कसरी चर्चा गर्नुहुन्छ ?***

हामीले नयाँ ढंगले अघि बढ्दा देशका लागि फाइदा छ । नयाँ वातावरण बन्नु भनेको हाम्रो पार्टीका लागि पनि फाइदा छ। जनतामा जाने, राष्ट्र र जनताको सेवा गर्ने सुनौलो अवसर हो यो। पार्टीलाई भएको फाइदा यति मात्र हो । अरू देश र जनताका लागि भएको फाइदा हो।

» ***नेपाल कम्युनिस्ट पार्टीको आगामी यात्राबारे आम नेता-कार्यकर्ता र जनतालाई कसरी बुझाउनुहुन्छ ?***

हामीले नयाँ ढंगबाट पलककदमी गर्दा, राजनीतिक रूपमा देशको क्रान्तिकारी ढंगबाट अगाडि बढ्छ र क्रान्तिको नेतृत्व हामी गर्छौं । हामीले हाम्रा गतिविधि संचालन गर्ने मुख्य हतियार भनेको शान्तिपूर्ण हो। हाम्रो मक्सद र हामीले वार्तामा सरकारसँग भनेको पनि के छ भने अहिले देशमा जो विद्यमान समस्या छ, यो समस्याको सिर्जना भनेको २०६२/०६३ पछि नेपालमा भएको राजनीतिक प्रतिक्रान्ति नै हो; जो दस बर्से जनयुद्धको भावना र १९ दिने जनआन्दोलनको खिलाफमा थियो । जनताले संघर्ष गरेको जनताको आफ्नो व्यवस्थाको निम्ति, आफ्नो सत्ताको निम्ति थिए। उत्पीडित वर्ग, समुदाय, लिंग, क्षेत्रलगायत समग्र नेपाली जनताले आफ्नो राज्यसत्ता चाहेका थिए। शासन व्यवस्था र पार्टी चाहेका थिए। त्यसका विरुद्ध देशमा दलाल पुँजीवादी व्यवस्था आयो । त्यो अहिले आएको होइन।

यो व्यवस्थाले समस्याको समाधान गर्दैन भन्ने हाम्रो निष्कर्ष हो । यसको विकल्पमा वैज्ञानिक समाजवाद अपरिहार्य छ। यसका लागि शान्तिपूर्ण रूपमा जनतामा जाने र त्यसबाट अनुमोदन भएर आउने नै हो । त्यो विभिन्न रूपमा हुन सक्दछ । एउटा विकल्प भने जनमत-संग्रह नै हो।

हामी डेमोक्रेसीको उच्च अभ्यास गरौँ भन्ने हो। देशमा कस्तो सत्ता र व्यवस्था हुने भन्ने कुरा जनतालाई फैसला गर्न दिनुपर्छ। सत्ता र व्यवस्था दलाल संसदीय व्यवस्था हुने वा वैज्ञानिक समाजवाद हुने। अब हामी राष्ट्र र जनताको पक्षमा जो सहमत हुन्छ, ऊसँग सहकार्य गर्छौं, जो सहमत हुँदैन ऊसँग स्ट्रगल गर्छौं।

» ***संसद् पुनर्स्थापनापछि देशको राजनीतिक अवस्था थप अन्यौलग्रस्त बन्दै गएको स्थितिमा मुलुकको आगामी राजनीतिक अवस्थाबारे कसरी बुझ्दा सही होला ?***

क्राइसिस चरम छ, यो क्राइसिसले अग्रगामी निकास खोज्दछ, जसलाई दृष्टिगत गरेर हामी यहाँसम्म आएका छौँ। समस्यालाई यथास्थितिवादी वा दलाल पुँजीवादी ढंगले समाधान गर्ने कुरा पनि आएको छ। त्यो सही हुन सक्दैन । हामीले अब क्रान्तिकारी ढंगले निकास दिनपर्छ । त्यो गर्न सकिएन भने संकट अब झन् डरलाग्दो ढंगले आउनेछ । किनकि दलाल पुँजीवादी व्यवस्था नै आजको संकटको मुख्य कारण भएकाले दलाल तत्वको मुख हेरेर समस्याको निकास हुँदैन । त्यो जनतालाई मूर्ख बनाउने कुरा हो। क्रान्तिकारी ढंगले निकास दिन सक्ने सम्भावना प्रवल छ। क्रान्तिकारी शक्तिले जिम्मेवारीपूर्वक र तागत लगाएर अगाडि बढ्नुपर्छ।

## संयुक्त रणनीतिक मोर्चाका नेताहरूसँग महासचिव विप्लवद्वारा भेटघाट

**काठमाडौं ।** चार दलीय संयुक्त रणनीतिक मोर्चाका प्रमुख नेताहरूबिच नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लव, पार्टी प्रवक्ता प्रकाण्डसहितका नेकपाका नेताहरूद्वारा औपचारिक भेटघाट सम्पन्न भएको छ। क्रान्तिकारी माओवादीका महासचिव किरणको पार्टी कार्यालय ललितपुरको कुपण्डोलस्थित भेटघाट एवम् बैठकमा नेताहरू सिपी गजुरेल, ऋषिराम कट्टेल र आहुति सहभागी रहेका थिए।

बैठकमा यही फागुन २१ गते नेकपा र सरकारबिच सम्पन्न तीन बुँदे सहमतिलाई रणनीतिक मोर्चाको तर्फबाट सकारात्मक रूपमा लिइएको र यो वार्ता प्रक्रियालाई विभिन्न ढङ्गले सहयोग पुर्‍याएकोमा रणनीतिक मोर्चाका नेताहरूलाई महासचिव विप्लवले हार्दिक धन्यवाद व्यक्त दिएका थिए । यसैगरी, बैठकमा रणनीतिक मोर्चाका आगामी कामलाई थप प्रभावकारी बनाउन विद्यमान नियमावलिलाई थप परिमार्जन गर्ने, मोर्चाका संयुक्त कार्यक्रमलाई अगाडि बढाउन, आ-आफ्ना पार्टी कार्यक्रमहरू पनि छुट्टाछुट्टै गर्दै जाने समझदारीसमेत भएको कुरा बैठकमा सहभागी नेकपाका केन्द्रीय सदस्य विजयले जानकारी दिए।

## जनयुद्ध तथा एकीकृत जनक्रान्तिका सहिद तथा बेपत्ता परिवारलाई सम्मान

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी काठमाडौं जिल्ला समितिले जनयुद्ध दिवस तथा सहिद सप्ताहको सन्दर्भमा जनयुद्ध तथा एकीकृत जनक्रान्तिमा सहादत प्राप्त गरेका महान् सहिद तथा बेपत्ता परिवारलाई भेटघाट तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ । काठमाडौं जिल्लाले दसवटा नगर/महानगरमा एकीकृत जनक्रान्तिमा सहादत प्राप्त गरेका सहिद प्रज्वलको भाइबहिनी, कृष्ण भण्डारी 'निरन्तर', सानुमाया डङ्गोल भण्डारी, दीपेन्द्रको परिवारलाई भेटघाट तथा सम्मान कार्यक्रम गरेको हो।

दसबर्से जनयुद्धमा सहादत प्राप्त गरेका सहिद दिनेश लामिछानेको बुबा श्यामप्रसाद लामिछाने, ठाकुर लामिछनेकी भाउजु सावित्री लामिछने, चन्द्रसिङ्ग बोहोराकी छोरीलगायत सहिद परिवालाई प्रमाण-पत्र तथा दोसल्ला ओढाई सम्मान गरिएको थियो। दसबर्से जनयुद्धको बेपत्ता विपिन भण्डारीको बुबा एकराज भण्डारी, रूपेश रूपाखेतीको दाइ रमेश रूपाखेती, भीम महर्जनको परिवार, बेनोज अधिकरीकी आमा, अजय शाहीको दाइ, अर्जुन महर्जनको परिवारलगायतलाई प्रमाण-पत्र तथा दोसल्ला ओढाई सम्मान गरेको उक्त कार्यक्रममा काठमाडौं जिल्लाका सचिवालय सदस्यहरूको उपस्थिति रहेको समाचारमा जनाइएको छ।

## शिवगढीमा सहिद परिवारहरूसँग भेटघाट तथा दीप प्रज्वलन

कपिलवस्तु । कपिलवस्तुको शिवराज नगरपालिकामा फागुन १४ देखि २१ गतेसम्म सहिदहरूको सम्झानामा दीप प्रज्वलन कार्यक्रम सम्पन्न भएको छ। झापा आन्दोलनको क्रममा भएका सहिदहरूको सम्झानामा नेपाल कम्युनिस्ट पार्टी, कपिलवस्तुको अयोजनामा दीप प्रज्वलन गरिएको हो । जनयुद्धको समयमा पञ्चायती शाषकले २०२९ साल फागुन २१ गते झापाको सुखानी जङ्गलमा लगेर क्रान्ति नायकहरू नेत्र घिमिरे, रामनाथ दाहाल, वीरेन राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठलगायतहरूको हत्या भएको थियो। सहिदहरूको सम्झनामा शुक्रबार नेकपा शिवगढी नगर समितिद्वारा दीप प्रज्वलन गरिएको हो । नेकपाद्वारा ८५० जना सहिदहरूको परिवारसँग भेटघाट र सहिद परिवारका सदस्यलाई अभिनन्दनसमेत गरेको नेकपा जिल्ला इन्चार्ज जुझारुले बताए।

शिवगढी नगर समिति इन्चार्ज पावेलले सहिद परिवार भनेको कुनै पार्टी विपक्षीको होइन, सहिद परिवार भनेको राज्यको परिवार हो तर आजसम्म सरकारवादीहरूले सहिदवादीहरूलाई किनारा नामकरण, कितान गरेको खरेज गर्नुपर्ने र नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टीको वार्ता सम्बोधनमा नेपाल कम्युनिस्ट पार्टी अझैसम्म संसदीय व्यवस्थामा नगएको बताए । यसैगरी, सत्ता प्रमुख हरिश, युवा संगठन नेपाल सचिव दिलिप चन्द, अखिल नेपाल महिला संगठनका अध्यक्ष दिलमाया घर्ती, युवा सदस्य विनोद पुन, सुशीललगायतको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा प्रमुख अतिथि नेकपा जिल्ला इन्चार्ज जुझारु र अतिथिहरूमा विजयनगर नेकपा समिति अध्यक्ष प्रताप, शिवगढी नगर समिति इन्चार्ज पावेल, युवा संगठन कपिलवस्तु अध्यक्ष बादल र सहिदका परिवारलगायतको सहभागिता रहेको थियो भने सञ्चालन शिवगढी नगर समिति इन्चार्ज पावेलले गरेका थिए।

## जनताको उचित क्षतिपूर्तिसहित वैकल्पिक व्यवस्थापन गर : नेकपा

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी, जिल्ला समिति रूपन्देहीले प्रस्तावित मोतिपुर औद्योगिक करिडोरको शिलान्यास कार्यक्रममा भएको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको बताएको छ। जिल्ला सेक्रेटरी विदुरले आइतबार एक विज्ञप्ति जारी गरी रूपन्देहीको रानीगञ्ज शिवनगर, फर्साटिकर, अमुवा र हरिहरपुरका करिब ३ हजार ६२ घरधुरीमा बसोबास गर्ने स्थानीय जनताले विगत ५५ वर्षदेखि भोगचलन गर्दै आएको जग्गा स्थानीयको सहमतिबिना र वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनले समेत स्वीकृत नगरी प्रस्तावित मोतिपुर औद्योगिक करिडोरको शिलान्यास कार्यक्रममा स्थानीय जनताको माग सम्बोधन गर्नुको साटो उल्टै प्रहरी प्रशासनको बल प्रयोग गरेर जनतालाई कुटपिट गरी घाइते बनाएको घटनाप्रति आपत्ति रहेको भन्दै जनताको उचित क्षतिपूर्तिसहित वैकल्पिक व्यवस्थापन गर्न सम्बन्धित पक्षलाई जोडदार अपिल गरेका छन्।

रूपन्देही जिल्ला सेक्रेटरी विदुरले विज्ञप्तिमा भनेका छन्, 'हाम्रो जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टी देशको आमूल परिवर्तनसँगै उत्पीडित वर्ग, किसान, भूमिहीन सुकुमबासीको पक्षमा निरन्तर सङ्घर्ष गर्दै आएको कुरा सर्वविदितै छ। यही सन्दर्भमा २०७७ फागुन २१ गते रूपन्देहीको रानीगञ्ज शिवनगर, फर्साटिकर, अमुवा र हरिहरपुरका करिब ३ हजार ६२ घरधुरीमा बसोबास गर्ने स्थानीय जनताले विगत ५५ वर्षदेखि भोगचलन गर्दै आएको जग्गा स्थानीयको सहमतिबिना र वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनले समेत स्वीकृत नगरी प्रस्तावित मोतिपुर औद्योगिक करिडोरको शिलान्यास कार्यक्रममा स्थानीय जनताको माग सम्बोधन गर्नुको साटो उल्टै प्रहरी प्रशासनको बल प्रयोग गरेर जनतालाई कुटपिट गरी घाइते बनाएकोप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ।'

सेक्रेटरी विदुरले विज्ञप्तिको अन्त्यमा भनेका छन्, 'विकास र समृद्धिको लागि करिडोर आवश्यक रहे पनि प्रस्तावित क्षेत्र रानीगञ्ज शिवनगर, फर्साटिकर, अमुवा र हरिहरपुरका करिब ३ हजार ६२ घरधुरी नै प्रभावित हुने कुरा स्थानीय सरकार र स्वयम् अर्थमन्त्रीलाई जानकारी हुँदाहुँदै वैकल्पिक व्यवस्थाबिना मनोमानी तरिकाले स्थानीय जनतालाई विस्तापित गर्न खोजिनु राज्यको गैरजिम्मेवारीपन हो। त्यसकारण ५५ वर्षदेखि बस्दै आएका जनताको उचित क्षतिपूर्तिसहित वैकल्पिक व्यवस्थापन गर्न सम्बन्धित पक्षलाई जोडदार अपिल गर्दछौं।'

## अर्घाखाँचीले गर्‍यो सहिद तथा बेपत्ता परिवारलाई सम्मान

अर्घाखाँची । नेपाल कम्युनिस्ट पार्टी अर्घाखाँचीले सहिद-सप्ताहको सन्दर्भमा सहिद तथा बेपत्ता परिपारलाई भेटघाट तथा सम्मान गरेको छ । जनयुद्धको क्रममा सहादत प्राप्त गरेका सहिद तथा बेपत्ता परिवारहरूलाई नेकपाले सम्मान गरेको हो । सम्मान कार्यक्रममा जिल्ला सेक्रेटरी माहुरीले जनयुद्धमा सहादत प्राप्त सहिदहरूका सपनामाथि केही गद्दारहरूले कुल्चेर हिँडिरहे पनि नेपाल कम्युनिस्ट पार्टी सधैँ ती महान् सहिदहरूको सपना पूरा गर्न प्रतिबद्ध रहेको बताए। उनले देशको वर्तमान समाजको यथास्थिति र पछिल्लो देशको राजनीतिक घटनाक्रमले कुनै निकास दिन नसक्ने बताए । दलाल संसदीय व्यवस्थाको खारेज गरी वैज्ञानिक समाजवाद स्थापना गर्न सम्पूर्ण न्यायप्रेमी, वामपन्थी, लोकतन्त्रवादी जनसमुदायलाई एकीकृत जनक्रान्तिको दिशामा सामेल हुन माहुरीले आह्वान् गरे।

# गुल्मीको पुर्कोट र फोक्सिङमा सहिद परिवारलाई सम्मान

गुल्मी । नेपाल कम्युनिस्ट पार्टीले गुल्मीमा सहिद-सप्ताहको सन्दर्भमा सहिद तथा बेपत्ता परिवारहरूलाई भेटघाट तथा सम्मान कार्यक्रम गरेको छ । गुल्मीको फोक्सिङमा युवा संगठन नेपाल लुम्बिनी ब्युरो इन्चार्ज विश्लेषणको नेतृत्वमा, जनयुद्धको क्रममा खारामा २०६१ चैत २५ गते सहादत प्राप्त गरेका सहिद क. पहाडको परिवारलाई भेटघाट तथा सम्मान गरिएको नेकपा गुल्मीले बताएको छ । कार्यक्रममा क. पहाडको बुबा धनबहादुर नेपालीलाई सम्मान गरिएको थियो । उक्त सम्मान तथा भेटघाट कार्यक्रममा इन्चार्ज विश्लेषणले बेपत्ता तथा सहिद परिवारलाई राज्यले वास्ता नगरेको र त्यहीँ सहिदहरूको सिँचित रगतबाट सत्तामा पुगेको दलालहरूको व्यवस्थालाई खारेज गरी वैज्ञानिक समाजवादी व्यवस्थाबाट ती सहिदहरूको सपना पूरा गर्ने बताए । त्यस्तै गुल्मीको पुर्कोट दहमा अखिल (क्रान्तिकारी) लुम्बिनी ब्युरो संयोजक वीरेन्द्र विकको नेतृत्वमा गुल्मी जिल्लाको प्रथम सहिद कृष्ण कुँवर 'नवराज', जगत कुँवर 'संग्राम', बिना नेपाली 'निर्मला' र बासकटरीमा राधिका भुसाल 'करूणा' को परिवारलाई भेटघाट तथा सम्मान कार्यक्रम गरेको हो ।

कार्यक्रममा संयोजक वीरेन्द्र विकले जनयुद्धका महान् सहिदहरूको सपना अधुरो रहेको भन्दै उनका सपनाहरू साकार पार्न नयाँ क्रान्तिको थालनी भएको बताएका थिए । भेटघाट तथा सम्मान कार्यक्रममा युवा संगठन नेपालका जिल्लास्तरीय नेता तथा कार्यकर्ताहरूको सहभागिता रहेको बताएको छ । सहिद तथा बेपत्ता योद्धाहरूलाई भेटघाटको क्रममा नेकपा गुल्मीले परिवारजनको अवस्था, उनीहरूसँग राजनीतिक वैचारिक छलफल र महान् सहिदहरूका अधुरा सपनाहरूको बारेमा विमर्श गरेको बताएको छ । फागुन १४ देखि सुरु भएको सहिद सप्ताह कार्यक्रम फागुन २१ गतेसम्म रहेको छ । यसक्रममा नेकपाले देशव्यापी सहिद, बेपत्ता तथा घाइते योद्धाहरूलाई भेटघाट तथा सम्मान गर्ने घोषणा गरेको छ।

# गुल्मीको मुसिकोटमा सहिद तथा बेपत्ता परिवारलाई सम्मान

गुल्मी । नेपाल कम्युनिस्ट पार्टीको सहायक संगठन युवा संगठन नेपालले सहिद-सप्ताहको सन्दर्भमा गुल्मीको मुसिकोट नगरपालिका वडा नम्बर ५, आँपचौर तल्लाफाँटमा सहिद तथा बेपत्ता परिवारहरूलाई भेटघाट तथा सम्मान कार्यक्रम गरेको छ । गुल्मीको मुसिकोटमा युवा संगठन नेपाल लुम्बिनी ब्युरो इन्चार्ज विश्लेषणले जनयुद्धको क्रममा सहादत प्राप्त गरेका सहिद विष्णु खरेल 'विशाल' को परिवारलाई भेटघाट तथा सम्मान गरिएको युवा संगठन नेपाल, गुल्मीले बताएको छ । कार्यक्रममा सहिद क. 'विशाल' की पत्नी गोमा खरेल, बुबा युवराज खरेल र आमा गंगा खरेललाई सम्मान गरिएको थियो । उक्त सम्मान तथा भेटघाट कार्यक्रममा इन्चार्ज विश्लेषणले जनयुद्धका महान् सहिदहरूको सपना अधुरो रहेको भन्दै उनका सपनाहरू साकार पार्न नयाँ क्रान्तिको थालनी भएको बताएका थिए ।

उनले नेकपामाथि भएको दमन र षड्यन्त्रको कुनै तुक नभएको र नेकपामाथि लगाएको प्रतिबन्ध अहिले सरकारलाई 'न निल्नु, न ओकल्नु' भएको र दलाल संसदीय व्यवस्थाको ठाउँमा वैज्ञानिक समाजवाद नै एक मात्र विकल्प भएको जिकिरसमेत गरेका थिए । भेटघाट तथा सम्मान कार्यक्रममा युवा संगठन नेपालका जिल्लास्तरीय नेता तथा कार्यकर्ताहरूको सहभागिता रहेको बताएको छ । सहिद तथा बेपत्ता योद्धाहरूलाई भेटघाटको क्रममा युवा संगठन नेपाल, गुल्मीले परिवारजनको अवस्था, उनीहरूसँग राजनीतिक वैचारिक छलफल र महान् सहिदहरूका अधुरा सपनाहरूको बारेमा विमर्श गरेको बताएको छ। फागुन १४ देखि सुरु भएको सहिद सप्ताह कार्यक्रम फागुन २१ गतेसम्म रहेको छ । यसक्रममा नेकपाले देशव्यापी सहिद, बेपत्ता तथा घाइते योद्धाहरूलाई भेटघाट तथा सम्मान गर्ने घोषणा गरेको छ।

# अखिल (क्रान्तिकारी), कास्कीले पोखरा महानगरपालिकामा मागपत्र बुझायो

कास्की । केन्द्रीय संघर्षको कार्यक्रमअनुरूप अखिल (क्रान्तिकारी) कास्कीले छात्राहरूको सुरक्षा तथा आत्मरक्षाका लागि अनिवार्य तालिमको व्यवस्थापनको माग राख्दै पोखरा महानगरपालिकामा मागपत्र बुझाएको छ। मागपत्रमा राष्ट्रियता, जनतन्त्र एवम् जनजीविका र शैक्षिक रूपान्तरणका निम्ति निरन्तर संघर्षरत छ । संसदीय व्यवस्थामा उत्पन्न पछिल्लो सङ्कट अर्थात् संसद् विघटन र पुनःस्थापनासम्म आउँदा जनताका निम्ति न हर्ष न विष्मात्को अवस्था छ । राष्ट्र एकपछि अर्को सङ्कटको भुँमरीमा भासिँदै गएको छ। जनताको जीवन दिनानुदिन सङ्कट र असन्तुष्ट बन्दै गइरहेको छ । राज्यको जवाफदेहिता शुन्यप्रायः छ ।

आज वर्गीय, क्षेत्रीय, जातीय, लैङ्गिक, धार्मिक तथा साम्प्रदायिक उत्पीडनले देश आक्रान्त बनिरहेको छ । महिला हिंसा, बलात्कार, हत्याले सीमा नाघेको अवस्था छ। महिलामाथिको निरन्तरको लैङ्गिक उत्पीडनका कारण महिला हक अधिकार र सशक्तीकरणको पक्ष कमजोर बनिरहेको कुरा स्पष्ट नै छ । यति मात्रै होइन, आज नागरिकको वैयक्तिक स्वतन्त्रता र सुरक्षा सामाजिक सुरक्षा, सामाजिक न्याय र न्यायिक स्वतन्त्रताको सवालमाथि गम्भीर प्रश्न खडा भएको छ । समग्रमा राज्यको भूमिका नै निष्प्रभावी छ ।

महिलामाथिको घरेलु हिंसा, जबर्जस्ती करणी, बलात्कार र हत्याको प्रतिरोध गर्न स्वयम् महिलाहरू पनि सशक्त हुनुपर्ने मान्यतासहित महिलाहरूका निम्ति आत्मसुरक्षा एवम् प्रतिरोध तालिमको प्रदान गर्न जरुरी भएको छ । यस किसिमका अमानवीय क्रियाकलापको प्रतिरोधका लागि उक्त पालिकाअन्तरगतका सबै स्कुलहरूमा छात्राहरूलाई आत्मसुरक्षासम्बन्धी तालिमको अनिवार्य व्यवस्थाका साथै, हरेक टोलटोलमा महिलाहरूलाई आत्मसुरक्षासम्बन्धी सचेतनासहितको तालिम सञ्चालन गर्न मागको लागि उक्त माग पत्र पेस गरेको कास्की जिल्ला अध्यक्ष पुरन पुनले बताएका छन् ।

# नेकपाद्वारा कपिलवस्तुमा सहिद तथा बेपत्ता परिवारलाई सम्मान

कपिलवस्तु । नेपाल कम्युनिस्ट पार्टी कपिलवस्तुले सहिद-सप्ताहको सन्दर्भमा सहिद तथा बेपत्ता परिवारहरूलाई भेटघाट तथा सम्मान कार्यक्रम गरेको छ । सम्मान तथा भेटघाटको क्रममा बेपत्ता तथा सहिद परिवारलाई राज्यले वास्ता नगरेको र त्यहीँ सहिदहरूको सिञ्चित रगतबाट सत्तामा पुगेको दलालहरूको व्यवस्थालाई खारेज गरी वैज्ञानिक समाजवादी व्यवस्थाबाट ती सहिदहरूको सपना पूरा गर्ने नेकपा कपिलवस्तुले जनाएको छ । कपिलवस्तुमा नेकपाले जिल्लामा महान् जनयुद्धका क्रममा सहादत प्राप्त गरेका सहिद तथा बेपत्ता परिवारलाई भेटघाट तथा सम्मान गरेको हो । सहिद तथा बेपत्ता योद्धाहरूलाई भेटघाटको क्रममा नेकपाले परिवारजनको अवस्था, उनीहरूसँग राजनीतिक वैचारिक छलफल र महान् सहिदहरूका अधुरा सपनाहरूको बारेमा विमर्श गरेको नेकपा कपिलवस्तुले बताएको छ । कार्यक्रममा उपस्थित नेता तथा कार्यकर्ताहरूले जनयुद्धका महान् सहिदहरूको सपना अधुरो रहेको भन्दै उनका सपनाहरू साकार पार्न नयाँ क्रान्तिको थालनी भएको बताएका थिए । भेटघाट तथा सम्मान कार्यक्रममा नेकपाका जिल्लास्तरीय नेता तथा कार्यकर्ताहरूको सहभागिता रहेको बताइएको छ । फागुन १४ देखि सुरु भएको सहिद सप्ताह कार्यक्रम फागुन २१ गतेसम्म रहेको छ । यसक्रममा नेकपाले देशव्यापी सहिद, बेपत्ता तथा घाइते योद्धाहरूलाई भेटघाट तथा सम्मान गर्ने घोषणा गरेको छ ।

# नेकपा दाङले गर्‍यो जिल्लाभरि कोणसभा

दाङ । विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले आज दाङ जिल्लाभरि कोणसभा कार्यक्रम सम्पन्न गरेको छ। नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टीबिच वार्ता सम्पन्न भएको सन्दर्भमा जिल्लामा कोणसभा गरिएको नेकपा दाङले जनाएको छ। तुलसीपुरको विपीचोकमा भएको कोणसभालाई सम्बोधन गर्दै पार्टीका दाङ जिल्ला इन्चार्ज प्रदीप वलीले आफ्नो पार्टी संसदीय व्यवस्था स्वीकार गरेको भन्ने हल्ला भ्रामक रहेको बताउनुभयो । उहाँले पार्टीले संसदीय व्यवस्था स्वीकार नगरेको बरु जिम्मेवारीका साथ वार्तामा सहभागी भएको जिकिर गर्नुभयो । उहाँले दुवै पक्ष वार्ता र संवादबाटै देशको राजनीतिक समस्या समाधान गर्न सहमत भएको आफ्नो सबै कृयाकलापहरू शान्तिपूर्ण रूपमा सञ्चालन गर्न सहमत भएको उल्लेख गर्नुभयो । सरकारले आफ्नो पार्टीमाथिको प्रतिबन्ध खारेज गरी गिरफ्तार नेता-कार्यकर्ताको रिहाइ र झुट्ठा मुद्दा खारेज गर्ने निर्णयको स्वागत गर्नुभयो ।

यस्तै कोणसभालाई सम्बोधन गर्दै युवा संगठन नेपाल राप्ती ब्युरो इन्चार्ज तिलक योगीले वार्ता क्रान्तिको एउटा सचेत कदम भएको उद्घोष गर्नुभयो। उहाँले आफ्नो पार्टीले सहिदका सपनाहरू पूरा गरि छाड्ने प्रतिबद्धता ब्यक्त गर्नुभयो। पार्टीले धोका दिन्छ कि भन्ने डर इमानदार नेता-कार्यकर्तामा रहेको भन्दै उहाँले भन्नुभयो- 'तपाईंहरू ढुक्क हुनुस् मर्न तयार छौँ तर झुक्दैनौँ ।' नेकपा दाङले जिल्लाका लमही, घोराही, भालुबाङ र विभिन्न गाउँपालिकास्तरीय कोणसभा सम्पन्न गरेको जनाएको छ ।

# नेकपा बाँकेद्वारा सुकुमबासी समस्या समाधान गर्न माग

नेपालगञ्ज । नेपाल कम्युनिस्ट पार्टी जिल्ला समिति, बाँकेले सुकुमबासी समस्या समाधान गर्न माग गरेको छ । कोहलपुर नगरपालिका वडा नम्बर ११ स्थित शान्तिनगर टोललगायतका सुकुमबासी बस्तीको वैकल्पिक व्यवस्था गर्न माग गरेको हो । नेकपा बाँके जिल्ला सेक्रेटरी रोशनकुमारले शुक्रबार एक विज्ञप्ति जारी गर्दै कोहलपुरको शान्तिनगरलगायतका सुकुमबासी बस्तीका समुदायले नगरपालिका गेटअगाडि धर्नामा बस्दासमेत नगर प्रमुखलगायतका स्थानीय सरकारका प्रतिनिधि र सरोकारवालाले समस्या समाधानमा उदासीनता देखाएको भन्दै स्थानीय भूमिहीन, सुकुमबासी र अव्यवस्थित बसोबासीको वास्तविक पहिचान गरी समस्या समाधान गर्न माग गरेका छन् । उनले केही मुट्ठीभर भूमाफिया, दलाल र सरकारका प्रतिनिधिले सुकुमबासीलाई भूमिहीन र बे-घरबार बनाउन खोजेको भन्दै यस्ता कार्यको प्रतिवाद गर्ने बताए । उनले वास्तविक सुकुमबासी, भूमिहीन र अव्यवस्थित बसोबासीको पहिचान गरी लगत सङ्कलन र समस्या समाधान गर्न माग गर्दै समस्या समाधान गर्नुको साटो बल प्रयोग गरेर बस्ती उठाउन खोजिए कडा संघर्षमा उत्रने चेतावनीसमेत दिएका छन् ।

# कालीकोटमा सहिद परिवारलाई अभिनन्दन गर्दै सहिद सप्ताह समापन

कालीकोट । नेपाल कम्युनिस्ट पार्टी, कालीकोटले २६ औं जनयुद्ध दिवसको सहिद सप्ताहलाई जिल्लाका सहिद परिवारलाई अभिनन्दन गरेर मनाएको छ । सहिद सप्ताहको समापन गर्दै केन्द्रीय समितिको सम्मानपत्र र जिल्ला पार्टीले व्यवस्था गरेको सलबाट सम्मान गरेको छ ।

जिल्लाको माल्कोट, मेहलमुडी, राष्कोट, नानिकोट, खिन र भर्तामा सम्मान गरेको छ । माल्कोट सेरम्पाटामा भएको शहिद परिवारहरूको सम्मान कार्यक्रममा एरियाभरिका १४५ जना सहिद परिवारलाई सम्मान गरेको छ । ब्युरो सदस्य अचिवल र जिल्ला इन्चार्ज एवम् ब्युरो सदस्य मनिलाल ऐडी रणदीपले सम्बोधन गर्दै कुनै पनि हालतमा प्रचण्डले धोका दिएजस्तै आफ्नो पार्टी धोका नदिने कुरा बताउनुभयो । जनयुद्धका केही नकारात्मक शिक्षासहित पार्टी अगाडि बढेकाले वार्ताविरोधीहरूले हल्ला गरेजस्तै न त केपीसँग एकता गर्नका लागि न त संसदीय व्यवस्था स्वीकार गर्न हो यो वार्ता व्यवस्थामा आएको संकटलाई हल गर्नका लागि भएको दावी गर्नुभयो । सहिद परिवारले वार्तालाई विगत प्रचण्डले प्रयोग गरेजस्तो गर्नुहुन्न भन्ने धारणा राख्नुभएको छ । जनता, नेता-कार्यकर्ता र सहिद परिवारको उपस्थिति रहेको खबर तपेन्द्र ऐडीले बताउनुभएको छ ।

# लमहीमा विप्लव नेकपाले गर्‍यो सहिद परिवारलाई अभिनन्दन

दाङ । विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी दाङ लमही नगरले सहिद परिवारलाई अभिनन्दन गरेको छ । नेकपा लमही नगर सेक्रेटरी उज्ज्वलको प्रमुख आतिथ्यतामा भएको कार्यक्रमको अध्यक्षता राजिवले गर्नुभएको थियो । सहिद परिवार अभिनन्दन कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि उज्ज्वलले सहिदहरूको सपना साकार पार्न फेरि अर्को क्रान्तिको झन्डा सचेततापूर्वक सम्हालेको उद्घोष गर्नुभयो ।

उहाँले सहिदहरूको त्याग र बलिदानलाई सम्मान गर्नुको साटो प्रचण्ड बाबुरामहरू सहिदको रगतमा होली खेलेर संसदीय व्यवस्थामा कुर्सीको भद्दा मजाक गरिरहेको जिकिर गर्नुभयो । सहिद सप्ताह २०७७ को अवसरमा नेकपा देशैभरि सहिद परिवार अभिनन्दन कार्यक्रममा जुटेको छ ।

# युवा संगठन नेपाल, बबई गाउँ समितिको प्रथम सम्मेलन सम्पन्न

काठमाडौँ । विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीको सहायक संगठन युवा संगठन नेपाल, दाङ जिल्लाअन्तर्गत बबई गाउँपालिकाको प्रथम गाउँ समिति सम्मेलन सम्पन्न भएको छ । युवा संगठन नेपाल, राप्ती ब्युरो इन्चार्ज अनिलको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा युवा संगठन नेपाल, दाङ जिल्ला संयोजक मनोज, नेकपा शान्तिनगर इन्चार्ज विजय, नेकपा बबई गाउँपालिका इन्चार्ज प्रतिरोधको सहभागिता थियो भने कार्यक्रमको अध्यक्षता कमलले गर्नुभएको थियो ।

गाउँ समितिको प्रथम सम्मेलनलाई सम्बोधन गर्दै प्रमुख अतिथि अनिलले एकीकृत जनक्रान्तिको कार्यदिशाले अधुरो र अपूरो क्रान्ति सम्पन्न गर्ने नयाँ आधार बनेको र त्यसैअनुरूप हजारौँ युवाहरू यो आन्दोलनमा सहभागी बनेको बताउनुभयो । उहाँले युवाहरूलाई वर्गीय मुक्ति, समानता र सबैखाले उत्पीडनका विरूद्धको लडाइँमा रक्तिम विचलित नहुन आग्रह गर्नुभयो । सम्मेलनले कमलको नेतृत्वमा ११ सदस्यीय गाउँ समिति चयन गरेको छ । कार्यक्रमको सहजीकरण युवा संगठन नेपाल, बबई गाउँपालिका कमान्ड इन्चार्ज शरदले गर्नुभएको थियो ।

सहिद सप्ताह २०७७

# गोर्खामा रम्तेल स्मृतिसभा तथा दीप प्रज्वलन

काठमाडौँ । नेपाल कम्युनिस्ट पार्टी गोर्खाले सहिद सप्ताह २०७७ विभिन्न कार्यक्रम गरी मनाइएको छ । सहिद सप्ताहको पहिलो दिन अर्थात् जनयुद्धको पहिलो सहिद दिलबहादुर रम्तेलको सहादत भएको दिन फागुन १४ मा नेकपा गोर्खाले रम्तेल स्मृतिसभा तथा दीप प्रज्वलन गरेको छ भने फागुन १४-२१ को बिचमा सहिद तथा बेपत्ता परिवार र जनयुद्धका घाइते योद्धाहरूसँग भेटघाट र अन्तरक्रिया सम्पन्न गरेको छ।

यसैक्रममा पार्टी महासचिवद्वारा हस्ताक्षर गरिएको केन्द्रीय समितिको सम्मानपत्र र सन्देश बोकेर जिल्लाको नेता तथा कार्यकर्ता सहिद र बेपत्ता योद्धाको घर-घरमा पुगेर परिवारको स्थिति र भावना बुझेको छ। साथै, सहिद तथा बेपत्ता योद्धाको परिवारले जनयुद्धको उद्देश्य पूरा नहुँदै प्रचण्ड, बाबुरामहरू थाकेको र हिजो सँगै काम गरेका साथीहरूलाई क्रान्ति गर्छु भन्दा प्रतिबन्ध गरेको हुनाले आफूहरू दुःखित भएको, आफ्ना छोराछोरीको बलिदानलाई प्रचण्ड, बाबुरामहरू पटकपटक सरकारमा पुग्ने र प्रधानमन्त्री हुँदा समेत राज्यको तर्फबाट उचित सम्मान नमिलेको गुनासो गरेका थिए । जिल्ला पार्टी नेतृत्वले आफूहरू कुनै पनि हालतमा आजको व्यवस्थामा आत्मसमर्पण नगर्ने र हिजोको जनयुद्धका बाँकी कार्यभार पूरा गर्ने एजेन्डा र कार्यदिशा नेपाल कमुनिस्ट पार्टीसँग नै भएको कारण सहिद, बेपत्ता र घाइते योद्धाहरूको बलिदान र समर्पण आफ्नो पार्टीको पुँजी भएको भन्दै खेर जान नदिने प्रतिबद्धता व्यक्त गरेको समचारमा जनाइएको छ ।

# नेकपा रुकुमको एकीकृत जनदिशा अभियानको समीक्षा बैठक सम्पन्न

**काठमाडौँ** । नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय कार्यक्रमअनुसार रुकुम पश्चिममा सञ्चालन भइरहेको एकीकृत जनदिशा अभियानको समीक्षा बैठक सम्पन्न भएको छ । समीक्षा बैठकमा वर्तमान विकसित राजनीतिक घटनाक्रम, अभियानको प्रभावकारिता र उपलब्धि र पार्टीको पछिल्लो कार्यनीतिको विषयमा जिल्ला पार्टी कार्यालय सदस्य अमृतले विषय राख्नुभएको थियो ।

बैठकमा बोल्दै अमृतले पार्टीले सञ्चालन गरेको एकीकृत जनदिशा अभियानले पार्टीको नीति, विचार र कार्यक्रमलाई श्रमजीवी जनताको बिचमा सम्प्रेषण गर्न सफल भएको बताउनुभयो । बैठकमा सहभागी अभियान यात्रीहरूले बैठकमा अभियानको क्रममा प्राप्त गरेका सांगठनिक, राजनीतिका उपलब्धिहरू र अभियानलाई थप, व्यवस्थित, प्रभावकारी र उपलब्धिमूलक कसरी बनाउने भन्ने विषयमा सल्लाह, सुझाव राखेको बताइएको छ । नेपाल कम्युनिस्ट पार्टी रुकुम पश्चिमले माघ ७ गतेदेखि एकीकृत जनदिशा अभियान निरन्तर सञ्चालन गर्दै आएको छ ।

# नेकपा नवलपुरद्वारा सहिद तथा बेपत्ता परिवारलाई सम्मान

नवलपुर । २६ औं महान् जनयुद्ध दिवस तथा २६ औं सहिद सप्ताहअन्तर्गत नेपाल कम्युनिस्ट पार्टी नवलपुरले जिल्लामा रहेका सहिद तथा बेपत्ता परिवारको घर-घरमै पुगेर महासचिव विप्लवको हस्ताक्षर रहेको सम्मानपत्र प्रदान गर्दै अभिनन्दन कार्यक्रम सम्पन्न गरेको छ । पुँजीवादी दलाल संसदीय व्यवस्थाको विरुद्ध एकीकृत जनक्रान्तिमार्फत् वैज्ञानिक समाजवाद स्थापना गरेपछि मात्र सहिद तथा बेपत्ता योद्धाहरूको सपना पूरा हुने र यसको लागि नेपाल कम्युनिस्ट पार्टीले जस्तोसुकै मूल्य चुकाउन पछि नपर्ने प्रतिबद्धता जिल्ला इन्चार्ज ध्रुवले सहिद तथा बेपत्ता योद्धाहरूको परिवारजनमा व्यक्त गर्नुभएको थियो । युवा संगठन नेपाल नवलपुर अध्यक्ष अविनास, अखिल (क्रान्तिकारी) नवलपुर, संयोजक श्रीराम बस्यालको उपस्थिति रहेको थियो । सहिद रमा राना मगरका बुबा चित्तल सिंह राना मंगलसेनुले आफ्नो छोरीको बलिदान खेर जान नदिन र अब एक मात्र आशा नेपाल कम्युनिस्ट पार्टी र एकीकृत जनक्रान्तिप्रति रहेको भन्दै धन्यवाद व्यक्त गर्नुभयो । नेकपाले देशव्यापी सहिद सप्ताहको सन्दर्भमा सहिद तथा बेपत्ता परिवारहरूलाई सम्मान तथा भेटघाट कार्यक्रम गरेको छ ।


## सहकारी संस्थाहरूलाई ब्याज पुँजीकरण नगर्ने सम्बन्धमा

**सहकारी विभागको सूचना**

सहकारी ऐन, २०७४ को दफा ५० को उपदफा (५) मा सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पुँजीकृत गरी सोको आधारमा ब्याज लगाउन नपाइने व्यवस्था रहेको बेहोरा विदितै छ। तदनुसार सहकारी संस्था, सङ्घ वा बैङ्कले आफूले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई साउँ रकममा जोडी ब्याज लगाउने कार्य नगर्नु, नगराउनु हुन सूचित गरिन्छ।

अन्यथा कानुनबमोजिम कारबाही गरिने व्यहोरासमेत जानकारी गराइन्छ।

**सहकारी विभाग**

# एकीकृत जनक्रान्ति र महिला आन्दोलन



खेम थपलिया

*"महिलाहरूको व्यापक सहभागिताबिना समाजवादको स्थापना असम्भव छ।"*

***- भीआई लेनिन***

**विषयारम्भ**

विश्वमा महिला आन्दोलनसम्बन्धी भएको बहस यथेष्ट मात्रामा हुँदै आएका छन् । नेपालका आमूल परिवर्तनकारी अभियानमा विशेषतः जनयुद्धमा नेपाली क्रान्तिकारी महिलाहरूको सशरीर सहभागिताले यसको वर्गपक्षधरता र वर्गीय प्रतिवद्धतालाई नै प्रमाणित गरिसकेको छ । नेपाल कम्युनिस्ट पार्टीले एकीकृत जनक्रान्तिलाई नेपाली क्रान्तिको कार्यदिशाका रूपमा अघि सारेपछि नेपालका उत्पीडित तथा आम महिलाहरूमा एउटा आशा, एउटा सुन्दर भविष्य र एउटा समृद्ध सपना साकार हुने अपेक्षामा अभिवृद्धि भएको छ।

मातृसत्ताप्रधान समाजको अन्त्यपछिको विश्व आज अनेकन् सङ्कटहरूबाट गुज्रिरहेको छ। संसारका आधाभन्दा बढी सङ्ख्यामा रहेका महिलाहरू आज मुक्तिको आकाश खोजिरहेका छन् । जनयुद्धको अपूर्णताले नेपाली समाज र मूलतः महिला समुदाय नयाँ नयाँ चुनौतीका बिचबाट गुज्रन बाध्य छन् । नेपालमा मात्र होइन, विश्वमा नै सामाजिक पम्परामा महिलाहरू पुरुषभन्दा अयोग्य हुन्छन्, उनीहरूको काम घर-गृहस्थीसम्म सीमित हुनु हो भन्ने मनोविज्ञान जबर्जस्त रहेको पाइन्छ। महिलाहरूमा रहेका अद्भूत क्षमतालाई पितृसत्ताप्रधान समाजले निरन्तर नकार्दै आएको लामो परम्परा नै बनेको छ। यद्यपि विश्व इतिहासमा महिलाहरूले ज्ञान, विज्ञान, साहित्य र राजनीतिमा महत्वपूर्ण योगदान दिँदै आएको यथेष्ट प्रमाण हामी सबैका सामु छँदै छ तर पनि हाम्रो सन्दर्भमा अहिले खट्किएको मुख्य कुरा भनेको नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा महिलाहरूको व्यापक सहभागिता हो । नीति, नेतृत्व, सङ्गठन र सङ्घर्षका सबै आयाममा महिलाको सार्थक उपस्थिति गराउनु आजको चुनौती पनि हो। महिला आन्दोलनका अघि खडा भएका अजङ्गका काला पहाडहरूलाई पन्छाउँदै अघि बढ्नु आजको आवश्यकता हो । कुनै पनि मूल्यमा यही आवश्यकता पूरा गर्नुको विकल्प छैन।

**अन्तर्राष्ट्रिय महिला नेतृहरू**

विश्वका क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा सक्रिय र महत्वपूर्ण भूमिकामा महिलाहरू रहँदै आएका छन् । जेनी मार्क्स, क्रुप्सकाया, रोजा लक्जेम्वर्ग, अलेक्जान्ड्रो, क्लारा जेट्किन, इलेनर मार्क्स, चिङचाङ, नतासा आदिको भूमिका धेरै माथिल्लो स्तरमा रहेको पाइन्छ। उनीहरूले विश्व सर्वहारा मुक्तिको लागि आफूलाई सम्पूर्ण रूपले समर्पण गरेका थिए । जेनी कार्ल मार्क्सकी पत्नीका साथै, सम्पन्न परिवारकी भएर पनि क्रान्तिकारी कार्य तथा विचारका कारण उनले आजीवन अनेकन् अभाव र समस्या झेल्नुपर्‍यो । उनका बारेमा एङ्गेल्सले यसो भनेका थिए, "अर्काको खुसीमा नै आफ्नो खुसी देख्ने कुनै नारी थिइन् भने त्यो जेनी मार्क्स नै हुनुहुन्थ्यो ।" उनकी कान्छी छोरी इरेना मार्क्सले यसो भनेकी थिइन्, "जेनी वोन वेस्टाफालेन नभएको भए, कार्ल मार्क्स जे बन्नुभयो, त्यो कहिल्यै बन्न सक्नुहुने थिएन। उल्लेखनीय रहेको दुईजनाको जीवन यस्तो एउटै, यस्तो एक अर्काको पूरक कहिल्यै रहेको थिएन।" एङ्गेल्सले जेनी मार्क्सको समाधिमा उभिएर गरेको सम्भाषणले पनि अन्तर्राष्ट्रिय क्रान्तिकारी आन्दोलनका साथै, समाजवादी आन्दोलनमा महिलाहरूले पुर्‍याएको भूमिको अर्थबोध गर्न सकिन्छ।

त्यस्तै, क्रुप्स्काया लेनिन पत्नी मात्र नभएर क्रान्तिकारी नेतृ थिइन् । उनको समाजवादी क्रान्तिमा महत्वपूर्ण भूमिका रहेको पाइन्छ। साथै, विश्व कम्युनिस्ट आन्दोलनमा रोजा क्रान्तिकारी बुद्धिजीवीका रूपमा स्थापित छिन्। लेनिनको मृत्युपछि क्रुप्स्कायाले 'लेनिनको सम्झनामा' शीर्षकमा लेनिनको जीवनसम्बन्धी महत्वपूर्ण पुस्तक लेखिन् । उनले श्रीमानको मृत्यु भएपछि सालिक र स्मारक बनाउनुको सट्टा विद्यालय बनाऔँ भनेर उद्घोष गरेकी थिइन् । समाजवादी क्रान्ति सम्पन्न पार्नेक्रममा उनको सहादत भयो । क्लारा जेट्किन लेनिनका समकालीन थिइन् । उनी पनि समाजवादी आन्दोलन र महिला मुक्ति आन्दोलनकी विश्वप्रसिद्ध नेतृ हुन्। इलेनर कार्ल मार्क्सकी छोरी हुन् । समाजवादी आन्दोलनमा सक्रिय उनले प्रेममा भएको धोका कारण आत्महत्या गर्नुपरेको थियो। त्यस्तै, सुङ चिङ लिङ सन् यात्सेनकी पत्नी त थिइन् नै; साथै उनको परिवर्तनकारी आन्दोलनमा महत्वपूर्ण भूमिका रहेको थियो । माओपत्नी तथा सहयोद्धा च्याङ चिङको सर्वहारा सांस्कृतिक क्रान्तिमा महत्वपूर्ण भूमिका रहेको थियो । उनी परम्पराविरुद्ध सशक्त विद्रोही नेतृ थिइन् । १५ वर्षको कारावासपछि उनको जेलमा हत्या भयो । उनले थोत्रा विचारहरूसित नाता तोडेकी थिइन् । नतासा रुसकी क्रान्तिकारी महिला हुन्। उनको जीवन त्याग र बलिदानले भरिएको थियो। एक बोल्सेभिक महिला सङ्गठक पनि थिइन्। उनी सामोइलोभा जिल्लाको पार्टी समितिको भूमिगत पत्रिका 'सङ्घर्ष' मा काम गरेकी थिइन्। उनी पछिल्लो चरणमा 'प्राब्दा' मा जोडिएर जनपक्षीय पत्रकारिताको भूमिका निर्वाह गरेकी थिइन्।

विश्व कम्युनिस्ट आन्दोलनमा क्रान्तिकारी महिलाहरूले निकै ठूलो योगदान गरेका छन्। उनीहरूले आफ्नो समयमा साहस, वीरता, शौर्य र बलिदानका उच्च कीर्तिमान कायम गरेका छन् । नेपालका क्रान्तिकारी लेखक, साहित्यकार तथा कलाकारहरूले माओको येनान प्रवचन र नक्सलाइड अभियानबाट अनुप्राणित भएजस्तै नेपालका क्रान्तिकारी महिलाहरूले पनि विश्वका क्रान्तिकारी महिला आन्दोलन र तिनका नेतृत्वबाट यथेष्ट प्रेरणा प्राप्त गरेका छन्।

**जनयुद्ध र महिला शौर्य**

नेपालमा सामाजिक तथा क्रान्तिकारी महिला अभियन्ताहरूले आ-आफ्नो समयमा आ-आफ्नै तरिकाले योगदान गर्दै आएका छन् । आध्यात्मिक चेतनाद्वारा प्रेरित भए पनि योगमायाको जलसमाधि सामाजिक सुधारको एउटा विद्रोह थियो । साधना र साहना प्रधानहरूले पनि नेपालको महिला आन्दोलनलाई उठाउन आ-आफ्नो समयमा महत्वपूर्ण योगदान गरे । पारिजातको भूमिका त सबैलाई थाहा छँदै छ। नेपालको इतिहासमा भएका सबै किसिमका वर्गसङ्घर्षमा नेपाली महिलाहरूले आ-आफ्नै तरिकाले योगदान दिँदै आएका छन् । यी सबैको उत्कर्ष जनयुद्ध थियो । जनयुद्धमा हाम्फालेका नेपाली क्रान्तिकारी महिलाहरूले आफ्नो तागत, क्षमता, शौर्य, प्रतिभा र सामर्थ्य देखाएका छन् । नेपाली समाजमा व्याप्त रहेको जाँड, रक्सी, जुवा, तासजस्ता विकृति विरुद्धमा आन्दोलन चर्काउँदै अघि बढेको महिला आन्दोलनले भूमिगत रूपमा वर्गसङ्घर्षलाई भौतिक रूपमा सघाउनु, नेतृत्वसम्म गर्नुले यसको उच्चताबोध गराउँछ । प्रतिक्रियावादी सत्ताले क्रान्तिकारी महिलाहरूलाई गिरफ्तार गर्ने, यातना दिने, बलात्कार गर्ने, आतङ्ककारी घोषण गर्ने, टाउकोको मूल्य तोक्ने, हत्या गर्नेसम्मको हर्कतहरूको निकै लामो सूची रहेको छ । तत्कालीन सत्ताका मतियारहरूले खडा गरेका सम्पूर्ण दमन र अत्याचारका विरुद्ध सशक्त प्रतिरोध गर्दै नेपाली वर्गसङ्घर्षमा उनीहरूले आफ्नो नाम स्वर्णाक्षरले लेखेका छन्।

नेपालका क्रान्तिकारी महिलाहरू मार्क्सवाद-लेनिनवाद-माओवादलाई पथप्रदर्शक सिद्धान्त मान्दै सशस्त्र सङ्घर्षलाई स्वीकार गर्दै प्रत्यक्ष सहभागी मात्र भएनन् कि वर्गीय मुक्ति नभई महिला मुक्ति सम्भव हुँदैन भन्ने सैद्धान्तिक मान्यतालाई आम उत्पीडित महिलाहरूका बिचमा स्थापित गरेका छन् । नेपालको महिला आन्दोलन ग्रामीण क्षेत्रका आधारभूत तहबाट संकेन्द्रित मात्र भएन कि जनसत्तामा ४० प्रतिशत महिला सहभागिता भयो। नेपाली महिलाहरूलाई घरेलु कामकाज र चुलोचौकोबाट बाहिर निकाल्ने काम पनि जनयुद्धबाटै भएको हो । महिलाहरूमा सर्वहाराकरणको स्पिरिट कायम गर्दै फौजीकृत हुने कुरा पनि नेपालको सन्दर्भमा सामान्य परिघटना हुन सक्तैन। छापामार युद्धमा महिलाहरू सहभागी हुँदै जनयुद्धको पछिल्लो चरणमा जनमुक्ति सेनामा ३५ प्रतिशत महिलाको सहभागिता रहनु गरिमापूर्ण कुरा थियो। यसक्रममा करिब २ हजार महिलाले सहादत प्राप्त गरे । घाइते, अपाङ्गको कुनै लेखाजोखा नै रहेन।

२०५४ साल चैत २६ गते कालीकोटका निःशस्त्र महिलाहरूले आफूमाथि दमन गर्न आएका प्रहरीहरूको राइफल खोसी पार्टीलाई बुझाउनु, २०५३ मङ्सिर १ गते रोल्पाको मिरुलमा कुमारी बुढालाई जिउँदै आँखा निकाली शरीरमा मट्टीतेल खन्याई जलाएर मारिँदा पनि पार्टीको गोपनीयता कायम राख्नु, २०५३ पुस १९ गते बेथान प्रहरी चौकीमा आक्रमण गर्दा दिलमाया योञ्जनले सहादत प्राप्त गरी पहिलो सैन्य महिला सहिद हुनु तथा २०५७ चैत १८ गते गोरखा जेलमा रहेका ६ जना महिला बन्दीहरूले उमा भुजेलको नेतृत्वमा सुरुङ खनेर जेलब्रेक गर्नुजस्ता वीरता र बलिदानका सयौं प्रतिनिधिमूलक परिघटना हामी सबैका सामु छँदै छन्। सल्यान, शिवरथ १, लोराबाङकी बटी पुन र फलाबाङकी अमृता वलीले नेपालको वर्गसङ्घर्षमा गरेको योगदान, प्राप्त बलिदान र प्रेरणा विश्वस्तरमा रहेको छ। उहाँहरू महान् आमाको रूपमा स्थापित हुनुहुन्छ।

जनयुद्धमा नेपाली क्रान्तिकारी महिलाहरूले उच्च बलिदान गरेका छन् । तत्कालीन अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी), केन्द्रीय समितिबाट इन्दिरा तिवारी, सुमित्रा घिमिरे, कुमारी मगर, माया भाट, सीमा चौधरी, शशीकला शर्मा, जशोदा कन्दङ्वा, चुनु गुरुङ तथा शारदा श्रेष्ठको बलिदान बिर्सन मिल्ने र हुने कुरा नै होइन । तर, दुःखद् कुरा यो छ कि संसार हल्लाउने सङ्घर्षका नायकहरू आज संसदीय भासमा जाँकिन पुगेका छन् । उनीहरू सहिदको रगतको व्यापारी बनेका छन् । राष्ट्रिय आत्मसमर्पणवाद र नवसंशोधनवादको बाटो हुँदै उनीहरू आज प्रतिक्रियावादी सेवकका पङ्क्तिमा उभिन पुगेका छन् । रातो झन्डा ओढेर रातो झन्डाको अपमान गर्नु आज उनीहरूको नियमित कर्म बनेका छन्। कोही अकर्मण्यतावादका फसेका छन् । 'फलानाले क्रान्ति गर्न सक्तैन' भनेर दिन कटाएर बस्नु पनि मिहीन-नवसंशोधनवाद नै हो। यी र यस्तै यस्तै प्रवृत्तिका विरुद्धको कठोर सङ्घर्ष गर्नु पनि हाम्रो सामुन्ने अनिवार्य बनेर उपस्थित भएको छ।

**एकीकृत जनक्रान्ति र महिला**

देशको आधाभन्दा बढी जनसङ्ख्या रहेको महिलाको अवस्था अहिले निकै दयनीय रहेको छ। हुन त केही मानिसहरू यसो पनि भन्न सक्तछन् कि अहिले राष्ट्रपति भएको बेला पनि महिलाले अधिकार पाएनन्, पाएका छैनन् भन्न मिल्छ ? उनीहरू आन्दोलनबाट त्यहाँ पुगेका हुन् तर उनीहरू उत्पीडित जनता तथा महिलाहरूको पक्षमा काम गर्न त्यहाँ पुगेका होइनन्, पठाइएका पनि होइनन् । कसैले यस्तो दावी गर्छ भने वास्तवमा त्यो कुरा सत्य होइन । प्रश्न न राज्यसत्तासित जोडिएको विषय हो। यो राज्यसत्ता महिलामैत्री नै छैन। यहाँका प्रतिनिधिहरू जनविरोधी र प्रतिक्रियावादी चरित्रका रहेका छन् । वैज्ञानिक समाजवादी राज्यव्यवस्थाको प्राप्तिमा महिलाको भूमिका अहम् हुन्छ नै। नीति, नेतृत्व, सङ्गठन र सङ्घर्षको यो पङ्क्तिको विषयमा स्पष्ट व्याख्या गरिदिनुपर्दछ। एकीकृत जनक्रान्तिले यस दिशामा केही पहलकदमी लिएको छ । यसलाई अझै तीव्रता दिन आवश्यक छ । महिलाको क्षेत्रलाई लैङ्गिक विषयमा सीमित नगरेर वर्गीय मुक्ति आन्दोलनमा समान भूमिका साथ समाहित गर्नु, गराउनु आजको आवश्यकता हो।

महिलाहरूले साम्यवाद निर्माणको लक्ष्यसित आफूलाई जोड्ने प्रयास गर्नुपर्दछ। महिला आन्दोलन कुनै धार्मिक सम्प्रदाय होइन। यो आंशिक होइन, समग्र र संवेदनशील क्षेत्र हो । नेपालमा महिलाको अवस्था भयावह छ। यो संवेदनशीलतालाई नेकपाले आत्मसात् गरेको अनुभूति गर्न सकिन्छ । महिलाबारे २०७१ पुस २३-२६ सम्म दाङको तुलसीपुरमा सम्पन्न नेपाल कम्युनिस्ट पार्टीको प्रथम राष्ट्रिय सम्मेलनमा प्रस्तुत तथा पारित दस्तावेजमा भनिएको छ, 'सङ्क्रमणकालको नकारात्मक प्रभाव महिला क्षेत्रमा पनि देखिएको छ। सामन्ती र दलाल पुँजीवादी शासनले महिलामाथि लादेका विभेद र उत्पीडनलाई जनयुद्धको प्रवाहले निकै कमजोर बनाइदियो । पुरुषको हैकम, समाजको विभेद सबैलाई भत्काइदियो। महिलाहरू स्वतन्त्रतापूर्वक हरेक क्षेत्रमा सहभागी बन्ने अवसर र अधिकार प्राप्त गर्न पुगे । सत्ता, सेना, विभाग, कर्मचारी सबैतिर उल्लेख्य मात्रामा महिला सहभागिता रह्यो। जनयुद्ध र जनसत्ताको पछिल्लो तथ्याङ्कअनुसार सत्तामा महिला सहभागिता ४० प्रतिशत पुगेको थियो भने जनमुक्ति सेनामा सहभागी सङ्ख्या ३५ प्रतिशत पुगेको थियो। तर, सङ्क्रमणकालले यो सबै अवस्थालाई उल्टाउँदै महिला सहभागितालाई सबैतिरबाट विस्थापित गरिदियो । यतिबेला देशमा महिलाको स्थिति निकै कमजोर बन्न पुगेको छ। महिला असुरक्षा चर्को रूपले बढेको छ । जबर्जस्ती करणी मौलाएको छ। समाजमा बोक्सी जस्तो जङ्गली आरोप लगाएर ज्युँदै जलाउने कार्य भइरहेको छ। रोजगारीको बहानामा विदेशमा लगेर यौनदासी बनाइएको छ। हिजो गैरकानुनी रूपले बेचिने गरेका महिला आज कानुनीरूपले नै बेचिन थालेका छन्।'

नक्सलवादी आन्दोलन उठान हुनुअघि प्रहरीद्वारा आदिवासी महिला पुरुषमाथि अन्धाधुन्ध गोली चलाउँदा १२ जना मारिएका थिए, ती मारिनेमध्ये ७ जना त महिला नै थिए । भारतको प्रख्यात नक्सलवादी आन्दोलनको जगमा उठेको महिला आन्दोलनमा महिलाको बलिदानको ठूलो मूल्य रहेको छ। इतिहासको जगमा वर्गसङ्घर्ष ठडिएको हुन्छ । यसबारे भारतीय बहुचर्चित लेखिका महाश्वेता देवी जो 'हजार चौरासीकी आमा' उपन्यासकी स्रष्टा पनि हुन्, उहाँ भन्नुहुन्छ, "इतिहास नै अन्तिम चेतावनी हो। पुरानो आन्दोलनको साथ तेभागा आन्दोलन पनि गठित भयो र त्यसको परिणाममा नक्सल आन्दोलन । र, यस आन्दोलनको आवश्यकताले नै ऊ यो भूखण्डमा आइपुगेको हो । कुनै समयमा रातो रङ फराउँथ्यो। त्यस ठाउँलाई लाल रङपुर भनिन्थ्यो । समग्र तेभागा आन्दोलनको स्थान कम्युनिस्ट पार्टी मातहत थियो। दिनाजपुरमा त एकदमै जोडदार आन्दोलन भयो । त्यसपछि हाटखोलामा, खुलनाको विष्णु विश्वासको डुमुदियर आन्दोलन भयो, कतिवटाको नाम गनौँ ? यो निरन्तर आन्दोलन कहाँबाट भयो ? शोषित वर्गका मान्छेहरूको वर्ग संरचनाबाट । यो सबै भूमि बन्जर थियो, माटोबिना केही पनि जीवित रहँदैन, त्यसैबाट तमाम आन्दोलनको जन्म हुन्छ, (१५० - विकल्प २ - २०७३)।"

नेपाली समाजका महिलाको एक हिस्साले महिलाकै नाम भजाएर आतङ्क फैलाइरहेका छन् । उनीहरूमा गरगहना, धर्म, सम्पत्ति र तडकभडकमा बढेको तीव्र लालसाले अहिले खास महिलाजगत् आश्चर्यचकित भएको छ । सँगसँगै केही महिलाहरूले छाउगोठमै, सालनालमै मर्नुपर्ने बाध्यता पनि विद्यमान छ। यसलाई तुरुन्त बदल्न आवश्यक छ । त्यसैले त, एकीकृत जनक्रान्तिले महिला आन्दोलनलाई 'विशिष्ट रूप' का रूपमा स्वीकार्दै यसलाई वर्गीय आन्दोलनमा एकाकार गरेर अघि बढाउन चाहन्छ र सोही दिशामा पहल गरिरहेको पनि छ। पछिल्लो चरणमा एकीकृत जनक्रान्ति र सामाजिक फासिवादी ओली सरकारद्वारा लादिएको प्रतिबन्धको प्रतिरोधी आन्दोलनमा नेपाली क्रान्तिकारी महिलाहरूले गरेको योगदान अतुलनीय रहेको छ।

**लेनिनलाई गोली हान्ने पनि महिला नै**

महान् अक्टोबर क्रान्तिका नायक लेनिनलाई गोली हानिएको थियो। त्यसरी गोली हान्ने महिला नै थिइन्। उनको नाम फेन्या कप्लान थियो। त्यहाँ भएको के थियो भने सत्ता सम्हालेपछि लेनिनको बोल्सेविक पार्टीले अटुट रूपमा आर्थिक विचार र नीतिहरू लागु गर्‍यो तर ती प्रत्युत्पादक सावित भए । भोकमरी सुरु भयो, सहरबाट मानिसहरू रित्तिए र मानिसको जीवनस्तरमा खतरनाक गिरावट आयो। यी नीतिहरू यति अलोकप्रिय भए कि सन् १९२१ को मध्यमा यसमा परिवर्तन गर्दा लेनिनले यसको इतिहास बेग्लै तरिकाले लेख्ने प्रयाससमेत गर्नुपर्‍यो। सन् १९१८ देखि सन् १९२१ सम्म बोल्सेबिकले उपयोग गरेको नीतिलाई 'युद्ध कम्युनिजम' को रूपमा चिनिन्छ, जुन युद्धको अवस्थाले निम्त्याएको एउटा अस्थायी अवस्था थियो। लेनिनको प्रयास पूर्ण समाजवाद ल्याउने थियो तर त्यो अवश्य पनि सरल र सहज थिएन। क्रान्ति गर्न त्यति गाऱ्हो नहुने तर क्रान्ति सम्पन्न भइसकेपछि त्यसको व्यवस्थापन गर्न धेरै नै कठिन हुने कुरा हामी रसियन क्रान्ति र त्यसपछिका परिघटनाबाट थाहा पाउन सक्छौँ। व्यवस्थापनका कतिपय उल्झनले रुष्टताको मात्रामा वृद्धि गर्दै छ भन्ने कुरा भीआई लेनिनलाई पनि थाहा थियो।

फेन्या कप्लान गरिब किसान परिवारमा जन्मेकी थिइन्। क्रान्तिकारी राजनीतिमा कप्लान आवद्ध भइन् र सोसलिस्ट रिभोल्सनरी पार्टीको सदस्य बनिन्। सन् १९०७ मा किममा जार अधिकारीलाई मार्ने योजनामा उनले भाग लिइन् र कप्लानलाई समातियो र साइबेरियामा आजन्म कठोर कारावासको सजाय दिइयो। ११ वर्षपश्चात् उनी जेलमुक्त भइन् । ३० अगस्ट सन् १९१८ मा लेनिनले मास्कोको एउटा सभामा बोले। जब लेनिनले सभा छाडे तब कप्लानले उनीसँग कसरी देश चलाइरहेका छौ भनेर सोध्ने प्रयास गरिन् । कारमा चढ्नुभन्दा पहिला उक्त महिलालाई जवाफ दिन लेनिन फर्किए । त्यहीबखत कप्लानले उनीमाथि ३ गोली दागिन् । दुईवटा गोली लेनिनको शरीरमा छिऱ्यो र अवस्था जटिल बन्यो । ३ सेप्टेम्बर १९१८ मा एउटा बाल्टिक नाविक पावेल माल्कवले फेन्या कप्लानलाई गोली हानेर उडाइदिए। उनको लास गाडिएन किनकि उनको अस्थी सम्पूर्ण रूपले नष्ट होस् । यो फेन्याप्रतिको चरमघृणा र लेनिनप्रतिको उच्चप्रेमको द्योतक थियो । गिरफ्तारपछि फेन्याले यसो भनेकी थिइन्, "आज मैले लेनिनलाई गोली हानेँ। यो मैले आफैँ गरेको हो । कसबाट मैले बन्दुक पाएँ, म भन्दिनँ। म कुनै व्याख्या गर्दिनँ। मैले लेनिनलाई मार्ने विचार पहिल्यै तय गरेको थिएँ।"

**निष्कर्ष**

आमूल परिवर्तनकारी आन्दोलनमा महिलाको सहभागिता मात्रै होइन कि उनीहरूलाई नीति निर्माण र नेतृत्वको तहमा त्यही समुदायको प्रतिनिधित्व हुनेगरी उठाउन जरुरी छ। फेरि, समाजवादले एउटा नयाँ जीवनको कसरी रचना गर्नेछ भन्ने कुराको बहस चलाउन आवश्यक छ नै, यसको साथै महिलाको सङ्कटपूर्ण अवस्थालाई सामाजिकीकरण र साधारणीकरण गर्दै उनीहरूलाई राजनीतिक, वैचारिक र नेतृत्वदायी ऊर्ध्वगामी दिशा दिनु आजको आवश्यकता हो। नेपालमा महिलाको अवस्था भनेको लेनिनको चिठीवाला किसान जो हरेक बिहानीको झुल्कासँगै घोडाको पैसा माग्न ढाकोमा आइपुग्थ्यो, त्यस्तै भएको छ।

लेनिनले भनेका थिए, "विवाह एउटा अत्याचारी प्रकृतिको जोरजुलुम हो।" त्यसो भए हामीले एकैपटक यो वैवाहिक सम्बन्धलाई खारेज गर्न सक्छौँ त ? प्रश्न यो पनि रहेको छ। अहिले 'लिभिङ टुगेदर' को चलन बढ्दै छ। यसका पनि आ-आफ्नै दावी र गुण-दोष होलान् । जे होस्, कुरा यति मात्र हो कि महिलाहरूसित जोडिएका मुद्दालाई औपचारिक, सामान्य र सतही मानिनुहुँदैन। हो, हामीलाई थाहा छ कि वैज्ञानिक समाजवादी-साम्यवादी व्यवस्थाबिनाको महिलो मुक्ति असम्भव छ । त्यहाँ पुग्न पनि त समस्त उत्पीडनका बन्धनहरू तोड्दै जानुपर्दछ। त्यसैले हामीले यसतर्फको बाटोमा निरन्तर लडिरहनुपर्दछ । निरन्तर क्रान्तिको सिद्धान्तले मात्र हामीलाई जनक्रान्तिको सफलताको सन्निकट पुऱ्याउँछ। हामीले महिलाको मानवीय र सामाजिक अवस्था तथा उत्पादनका व्यक्तिगत स्वामित्वबिनाको सम्बन्ध कायम राख्न सक्नुपर्दछ । आर्थिक पुनर्निर्माण र त्यसको स्वामित्व तथा वैचारिक उपरिसंरचनामा बराबरीको हैसियत कायम गर्दै जानुपर्दछ । सिद्धान्तहरूको स्पष्ट बुझाइ र सङ्गठनात्मक आधारमा गरिने महिला परिचालन क्रान्तिकारी कम्युनिस्ट पार्टीको विजयको मुख्य सार हो।

महिलाहरूलाई क्रान्तिकारीकरण गर्ने प्रश्न पनि महत्वपूर्ण कुरा हो। महिला आन्दोलन वा सहभागितालाई माथि उठाउने हो भने आन्तरिक वा बाह्य रूपमा प्रसूतिगृह, मातृशिशु केन्द्र, मातृ स्वास्थ्य केन्द्र, अनाथ बच्चाहरूको हेरचाह र शिक्षा दीक्षा, एकल तथा बेराजगार महिलाहरूको लागि उचित उत्पादनमुखी कार्यको पवर्द्धनलगायतका विषयमा राजनीतिक पार्टीले पनि छुट्टै संरचनाको विकास गर्नुपर्दछ । भन्नलाई चाहिँ प्रतिक्रान्तिलाई रोक्ने मुख्य हतियार भनेकै महिला हुन् भन्ने तर त्यसैलाई असहाय, बेसहारा, शस्त्र-शक्तिहीन बनाइदिने कुराले राजनीतिक व्याकरणको गडबडीलाई नै मुखरित गर्दछ । महिला आन्दोलन रूपगत रूपमा लैङ्गिकजस्तो देखिए पनि मूलतः यो वर्गीय आन्दोलन नै हो। यसलाई नितान्त लैङ्गिक स्वरूपमा बुझी विश्वमा जस्तै नेपालमा पनि एनजीओ, आईएनजीओहरूले बह्मलुट गरिरहेका छन् । संसद्वादको तावेदारीद्वारा महिला मुक्ति असम्भव छ । महिला आन्दोलनलाई सशक्त रूपमा माथि उठाउन र यसलाई वर्गसङ्घर्षसित जोड्न पनि यसको अन्तर्राष्ट्रिय आयामलाई मजबुत बनाउन जरुरी हुन्छ। लेनिनले संयुक्त अन्तर्राष्ट्रिय महिला सम्मेलनको कुरा यसै उठाउनुभएको थिएन । पार्टीभित्र समाजवाद र पार्टीबाहिर जनवाद लागू गरिनुपर्दछ। यसर्थ, महिला आन्दोलन लैङ्गिक मात्र नभएर सारतः वर्गीय हो । अन्त्यमा १११ औँ अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा हार्दिक शुभकामनासहित रोजाको कवितांश -

*हामीमा कुनै कुराको कमी छैन*
*श्रीमती, बाल-बच्चाबाहेक*
*चराजस्तै उन्मुक्त उड्ने*
*समय र स्वतन्त्रता !*

## रणनीतिक संयुक्त मोर्चा ....

नेतृत्वको नेकपा नेतृ धिरेन्द्राकुमारी उपाध्याय 'भृकुटी', ने.क.पा. (क्रान्तिकारी-माओवादी) का पोलिटब्युरो सदस्य हरिभक्त कँडेल, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका संयोजक विश्वभक्त दुलाल 'आहुति', देशभक्त प्रगतिशील मञ्चका सुरेन्द्र कार्की, स्वतन्त्र वाम बुद्धिजीवी महेन्द्र बस्नेत' मधेशी मुक्ति आन्दोलनका नेता महेश यादवलगायतका नेताहरूले सम्बोधन गरेका थिए।

प्रमुख अतिथिसमेत रहेका ऋषि कट्टेलले सरकारले विप्लव नेतृत्वको नेकपासँग वार्ता गर्ने घोषणा गरेको प्रसङ्ग कोट्याउँदै सरकारले वार्तामार्फत् कुनै षड्यन्त्र नगर्न ओली सरकारलाई चेतावनी दिएका छन् । उनले प्रतिबन्ध नै फुकुवा नगरी वार्ता समिति बनाएकाले शंका गर्ने ठाउँ रहेको धारणा ब्यक्त गरेका छन्। सरकारले तत्काल नेकपामाथिको प्रतिबन्ध फुकुवा गर्नुपर्ने र राजनीतिक बन्दीहरूलाई बिनासर्त रिहा गर्नुपर्ने अनि मात्र वार्ताको प्रक्रिया अगाडि बढ्ने उनले बताए। यदि सरकारले वार्ताको नाममा षड्यन्त्र गरे ओलीको दमनकारी रणनीतिलाई संयुक्त मोर्चाका सबै घटक र आम जनसमुदायले उनका सारा कूकृत्यहरूलाई परास्त गरिछाड्ने बताएका छन्। उनले ओलीलाई शक्तिको भरमा जनतालाई निरन्तर दमन गर्ने दुष्प्रयास नगर्नसमेत चेतावनी दिएका छन् । यदि शक्तिको भरमा जनतामाथि दमन गर्ने दुस्प्रयास गरे भने ओलीलाई लिबियाका कर्णेल गद्दाफीको हालतमा पुऱ्याउनुपर्ने बाध्यता आउन सक्ने भन्दै आफूलाई त्यो बाटोमा जान बाध्य नपार्न पनि चेतावनी दिएका दिए। नेकपासँग वार्ताको नाटक गरेर ओलीले कुनै षड्यन्त्र गरे भने रणनीतिक संयुक्त मोर्चाले त्यसलाई प्रतिकार गर्ने पनि बताए।

यसैगरी, नेपाल कम्युनिस्ट पार्टीकी नेतृ धिरेन्द्राकुमारी उपाध्याय 'भृकुटी' ले अहिलेको दलाल संसदीय व्यवस्थाले नेपालका महिलाहरूको हित र अधिकार स्थापित गर्न नसक्ने बताउँदै अहिले संविधानमा व्यवस्था भएको ३३ प्रतिशत अधिकारको कुरा पनि कागजमा मात्र सीमित भएको बताइन् । उनले आफूहरूले अधिकार न्याय र स्वतन्त्रताका लागि आवाज उठाउँदा प्रतिबन्धित हुनुपरेको भन्दै दलित आदिवासी जनजाति र मधेशी महिलाहरूको हितका निम्ति अहिलेको व्यवस्थाका विरुद्ध वैकल्पिक व्यवस्था स्थापना गर्ने आन्दोलनमा अघि बढ्नुपर्ने बताएकी छन् । अहिलेको व्यवस्थाले महिलाहरूलाई सम्पत्तिविहीन बनाएर, अधिकारविहीन बनाएर नारीहरूलाई नाङ्गो बनाएर मनोरञ्जनको साधन बनाइएको र साधनस्रोत र सत्तामा महिलाहरूको पहुँच नहुने वातावरण बनाएर शरीर बेचेर जीविका पाल्नुपर्ने बाध्यात्मक अवस्थामा पुऱ्याउने यस प्रकारको व्यवस्थाका विरुद्ध लड्नुको विकल्प नभएको उनले बताइन् । निर्मला पन्तदेखि भागीरथी भट्टसम्मका बलात्कारका घटनामा राज्य गम्भीर भएर नलागेको भन्दै उनले कडा आक्रोश व्यक्तसमेत गरेकी छन्।

यस्तै, क्रान्तिकारी माओवादीका पोलिटब्युरो सदस्य हरिभक्त कँडेलले ओली-प्रचण्डको अन्तरविरोधका कारण नेपाली जनताले दुःख पाउँदै गइरहेको अवस्था भएकोले अब यो व्यवस्थाका विरुद्ध वैकल्पिक सत्ताको निम्ति अर्को बाटोमा अघि बढ्नुपर्ने परिस्थिति खडा भएको बताएका छन्। उनले साम्राज्यवादी व्यवस्थाले विश्वभर कहीँ पनि श्रमजीवी जनताको आधारभूत आवश्यकता पूरा गर्न सकेको उदाहरण नभएकाले नेपाल त्यसको अपवाद हुन नसक्ने र नेपालमा झन् दलाल संसदीय व्यवस्थाका रूपमा स्थापित भइसकेको संसदीय प्रणालीले हल गर्ला भनेर भ्रममा पर्नुभन्दा जनवादी र वैज्ञानिक समाजवादी व्यवस्थाको निम्ति संघर्ष गर्नुपर्ने बताएका छन्।

त्यसैगरी, वैज्ञानिक समाजवादी पार्टी नेपालका संयोजक आहुतिले ओली सरकारले विप्लव नेतृत्वको नेकपासँग वार्ता गर्ने नाटक गर्न खोजेको भन्दै सरकारले यो पटक त्यसरी नाटक गरेको खण्डमा जनताले ओली सरकारलाई नै प्रतिबन्ध लगाइदिने बताए । एउटा राजनीतिक पार्टीमाथि प्रतिबन्ध लगाउनु नै अपराध भएकाले प्रतिबन्ध फुकुवा नगरीकन नै वार्ताको नाटक गरिन्छ भने यसमा शंका गर्ने ठाउँ रहेको उनले बताए। आफ्नो संकटलाई टार्नका निम्ति र जनतासँग साखुल्ले पल्टिनका निम्ति वा देखाउनका निम्ति मात्रै वार्ता टोली गठन गरिएको छ भने त्यस्तो नाटक गर्नेहरूलाई सजायको कठघरामा उभ्याउने बताएका छन्। उनले यो रणनीतिक मोर्चा भनेको चार पार्टीको मात्र मोर्चा नभएर यो देशको संसदीय व्यवस्थाबाट असन्तुष्ट सम्पूर्ण नागरिकको मोर्चा हुने बताएका छन्।

## सरकार–नेकपा वार्ता ....

अशान्ति र द्वन्द्वको बाटो छोडेर दुबै पक्ष 'शास्त्रार्थ महायज्ञ' मा प्रतिस्पर्धा गर्न र श्रेष्ठता साबित गर्न तयार भएका छन् । दम्भ र स्वार्थपूर्ण संकीर्णता समाधान होइन ।

सरकारसँगको वार्ता प्रक्रियाको सुरुमै नेकपा र उसको वार्ता टोलीले राजनीतिक समस्याको समाधान गर्ने जिम्मा जनतालाई दिनुपर्ने मत राखेका छन् । त्यसको अर्थ संसदीय व्यवस्था र वैज्ञानिक समाजवादी व्यवस्थामध्ये एउटा छान्ने अधिकार जनताले पाउनुपर्छ । त्यस प्रकारको जनअभिमत लिने प्रक्रिया जनमत–संग्रह हुन सक्छ । जसको लागि स्वतन्त्र र निश्पक्ष निर्वाचन सुनिश्चित गर्न सक्ने प्रगतिशील संयुक्त सरकारको नेतृत्वमा जनमत–संग्रह हुन सक्दछ । देशभक्त, क्रान्तिकारी, वामपन्थी र प्रगतिशील शक्तिहरूलाई नेकपाले सहमत गराउन आवश्यक छ भने संसदीय पार्टीहरूलाई सरकारले विश्वासमा लिन सक्नुपर्दछ ।

नेकपाले सुरुदेखि नै देशको राजनीतिक समस्याको शान्तिपूर्ण निकासको लागि निःशर्त वार्ताको प्रस्ताव राख्दै आएको थियो । सरकार त्यसको लागि तयार भएपछि वार्ता प्रारम्भ भएको हो । वार्ता देशको आवश्यकता हो भने केपी ओली सरकारसँग वार्ता हुनु संयोग हो । त्यसैले लामो तयारी र आन्तरिक छलफलपछि वार्ताको प्रक्रिया सुरु भएको स्पष्ट छ र यो कुनै नाटकीय घटना होइन र हुन पनि सक्दैन । आन्तरिक प्रतिक्रियावाद र साम्राज्यवादको दबाबमा परेर पनि गर्नुहुँदैन । सरकारले ३ बुँदे सहमतिअनुसार सम्पूर्ण राजनीतिक बन्दीहरूको रिहाइ, झुठ्ठा मुद्दा खारेज गर्नुपर्छ । नेकपाले आफ्ना गतिविधिहरूलाई पूर्णतः शान्तिपूर्ण स्वरूपमा ढालेर वार्ताप्रति इमानदारिता प्रदर्शन गरिसकेको छ । सार्थक वार्ताको लागि भौतिक वातावरण र विश्वासको वातावरण अनिवार्य शर्त हो ।

देश भयानक अराजकता, अन्यौल, अस्थिरतामा फसेको बेला सरकार र विद्रोही शक्तिबिचको द्वन्द्वले देश झन् अप्ठेरोमा धकेलिने निश्चित थियो । त्यसैले सही समयमा वार्ता सुरु भएको छ । अझ ढिला गर्नु देशको हितमा थिएन । संसदीय समूहमध्ये कोसँग वार्ता गर्ने भन्ने प्रश्नभन्दा पनि सरकार कसको नेतृत्वमा छ भन्ने प्रश्न महत्वपूर्ण रहन्छ । यो नाफा–घाटाको स्वार्थलम्पट चस्माले हेर्ने विषय होइन । यो देश र जनताप्रतिको जिम्मेवारीबोध गर्ने विषय हो । राणा शासनको अन्त्यपछि काँग्रेस, राजा, एमाले, माओवादी–एमाले, गणतन्त्र सबै प्रयोगहरू भए । त्यसले राजनीतिक स्थिरता र समृद्धि दिएन । त्यसैले वैज्ञानिक समाजवादको बहस उठेको हो । यद्यपि वार्ता प्रक्रियाले यो बहस किनारा लगाउनुपर्छ भन्ने जनमत स्वागतयोग्य छ र सबैले यसलाई आत्मसात् गर्नुपर्दछ ।

## जनतालाई व्यवस्था चुन्ने ....

बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले भनेका छौं जनमत–संग्रह एकचोटि नेपाली जनतालाई दिनुपर्छ, मान्छे चुन्ने होइन, दल चुन्ने होइन, एकचोटि व्यवस्था चुन्ने अधिकार नेपाली जनतालाई दिनुपर्छ, दिनुस् तपाईं, यो कुरा हामीले वार्तामा भनेका छौं ।"

वार्ताको क्रममा पनि आफूहरूले यही कुरा राखेको भन्दै उहाँहरूले पनि यसमा राजी हुनुभएकाले अब सबै जनताले यो अवसर पाए नेपाली समाज शान्तिपूर्ण रूपमा रूपान्तरण गर्न सकिने पनि उहाँले विश्वास व्यक्त गर्नुभयो । त्यसैले, अहिले सरकार र आफूहरूबिच जुन सहमति बनेको छ, जनताको पक्षमा गरिएको सहमति हो भन्दै यो कुनै ठूलो भयंकर ठूलो सम्झौता केही नभएकोले कसैलाई नआत्तिन आग्रह गर्नुभयो । देशलाई नयाँ ठाँउमा पुऱ्याउनका लागि गरिएको सहमति भएकाले सबै जनता गोलबन्द भएर सहयोग गर्न आग्रह गर्दै अग्रगमनका लागि सबै एक ढिक्का हुन अपिल गर्नुभयो ।

१११ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारेर भएको सम्मेलनमा विप्लवले महिलालाई समान अवसर र अधिकार दिनुपर्ने बताउनुभयो । दमन र अन्यायका विरुद्ध सङ्घर्ष गर्न र लड्न पनि सबै महिलालाई अपिल गर्नुभयो । विप्लवले हतियारको प्रसंगमा कुरा राख्दै हतियार न हिजो रहेको, न अहिले रहेको भन्दै उहाँले "आवश्यक परे सबै चीज हतियार बन्छ, कलमदेखि भान्साका चक्कुहरूसम्म हाम्रा हतियार हुन् ।" आफूहरूसँग विचारको हतियार रहेको बताउँदै उहाँले भन्नुभयो, "कसैले दमन गर्न खोजे हाम्रा कला, नाच, कथा, कविता, कलम सबै लिएर लड्छौं, बन्दुक लिएर कोही दबाउन खोजे बन्दुक नै लिएर लड्छौं, ढुक्क हुनुस् ।"

अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीको सातौँ राष्ट्रिय सम्मेलन आयोजक समिति संयोजक बन्धु चन्दको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका सचिवालय सदस्य धर्मेन्द्र बास्तोला, पूर्व–सभासद सरला रेग्मी, सहिद परिवार समाजका अध्यक्ष खुमा सुवेदी, दलित मुक्ति मोर्चा नेपालका अध्यक्ष सीता विक, बेपत्ता योद्धा परिवारका अध्यक्ष रामबहादुर थापा 'सुन्दर', अखिल (क्रान्तिकारी) का सचिव सन्तोषी भट्टराई, युवा संगठन नेपालका केन्द्रीय सदस्य विश्लेषण थापालगायतले बोल्नुभएको थियो । संगठनका महासचिव धीरेन्द्रा उपाध्यायले सञ्चालन गरेको कार्यक्रममा सामना जनसांस्कृतिक परिवार र छिलिज जनसांस्कृतिक परिवारका कलाकारले विभिन्न प्रस्तुति दिएका थिए । कार्यक्रममा स्वागत मन्तव्य राजकुमारी शाहीले दिनुभएको थियो ।

'महिला हिंसा र फासिवादी दमनका विरुद्ध हाम्रो आन्दोलन ! वैज्ञानिक समाजवादी व्यवस्थाको पक्षमा सातौँ राष्ट्रिय सम्मेलन !' भन्ने मूल नाराका साथ भव्य र विशाल ऱ्यालीसहित उद्घाटन भएको नेपाल महिला सङ्घ क्रान्तिकारीको सातौँ राष्ट्रिय सम्मेलनको बन्दसत्रले नयाँ नेतृत्व र नीति तथा कार्ययोजना निर्माण गर्ने आयोजक समितिले जनाएको छ ।

## जीवन वलिदान गर्ने ....

संसदीय प्रणालीमा रहेको कमजोरीको व्याख्या गर्दै वैज्ञानिक समाजवादबारे जनमत संग्रहको माग पनि राखेका छन् ।

सरकार र नेकपा वार्ता टोलीबिच भएको तीनबुँदे सहमतिमा हस्ताक्षर गर्न शुक्रबार राष्ट्रियसभा गृहमा आयोजित कार्यक्रममा सम्बोधन गर्दै विप्लवले अहिलेको व्यवस्थाप्रति असहमत भएरै विद्रोहमा गएको सम्झिए । तर, सरकारसँग सहमतिमा आएपछि परिस्थिति बदलिएको संकेत गरेका उनले भने, 'कम्युनिस्टहरू विद्रोह मात्र गर्दैनन्, जब परिस्थिति बदलिन्छ र राज्यले आफ्नो भूमिका पूरा गरेको स्थितिमा कम्युनिस्टहरू शान्तिका दूत पनि हुन् ।' सरकारसँग भएको सहमतिप्रति कार्यान्वयन गर्नेमा विशेष जोड दिएका विप्लवले आफ्नो माग पूरा हुने वातावरण बनाउन पनि माग गरे । 'आवश्यक पर्दा प्रत्यक्ष ढंगले नेपालको भविष्यबारे जनमत दिने अधिकार पाउनुपर्छ, हामी त्यसका लागि तयार छौं' उनले भने । जनताले कहिल्यै स्वतन्त्रतापूर्वक 'स्टेप' चाल्न नपाएको र कहिलेकाहीँ राज्य–सरकारले चाल्न खोज्दा पनि नहुने परिस्थिति रहेको उनले बताए ।

विप्लवले भने, 'हाम्रो अहिले पनि भनाइ छ, नेपालमा आज कसैले पनि सुरक्षित अनुभूति गर्ने स्थिति छैन । सबै नेताहरूलाई, पार्टीहरूलाई र जनतालाई आफ्नो जीवनमाथि आफैं हावी भएको/नेतृत्व गरिरहेको अनुभूति भएको छैन । हरेक घटनाक्रममा एउटा ठूलो तरंग नेपाली जनताको बिचमा छ, अहिले पनि छ ।' महासचिव नेत्रविक्रम चन्द 'विप्लव' ले आफूहरू शान्तिपूर्ण राजनीतिमा आए पनि कसैको हस्तक्षेप नस्वीकार्ने बताएका छन् । विप्लवले आफूहरू कसैको हस्तक्षेपसँग नझुक्ने बताए । 'हामी खुला हुनुपर्छ । हामी खुला छौं । हामी सहकार्य गर्न, हातेमालो गरेर अगाडि बढ्न तयार छौं,' विप्लवले भने, 'तर हामी यहीँ पनि भन्छौं, कसैले हामीलाई हस्ताक्षेप गऱ्यो भने, कुनै विदेशीले हामीलाई हस्तक्षेप गर्न खोज्यो भने हाम्रो जीवन यो धर्तीमा गाडिन्छ, तर हामी झुक्ने छैनौं । हाम्रो यो प्रतिबद्धता छ ।' उनले छिट्टै साथीहरूसँग खुला आकाशमा मिलन हुने भन्दै खुसी पनि व्यक्त गरे ।

## महासचिव विप्लवद्वारा ....

सम्पूर्ण नागरिकहरूको साथ, सहभागिता र सहयोगमा अघि बढाउन जरुरी रहेको भनेका छन् ।

महासचिव विप्लवले शुभ–कामना वक्तव्यमा भनेका छन्, 'विश्वभरिका श्रमजीवी महिलाहरूको ऐतिहासिक संघर्षको पर्याय र प्रेरणाश्रोत बनिरहेको महान् दिवस १११ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा महिलामाथिका सबै किसिमका विभेद, दमन, हिंसा र असमानताविरुद्धको संघर्षमा ऐक्यबद्धतासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं । २० औं शताब्दीमा संसार झकझकाउने महिला आन्दोलनको परिणाम महिलाहरूका पक्षमा विभिन्न अधिकारहरू स्थापित गर्न सफल रहे पनि आज २१ औं शताब्दीमा समेत महिलाहरूमाथि अनेकौं उत्पीडन, दमन, हिंसा र असमानताहरू कायमै छन् । असमानताका विरुद्ध संसारभर विभिन्न स्वरूपमा संघर्षहरू पनि निरन्तर अघि बढिरहेका छन् ।'

विप्लवले वक्तव्यमा अगाडि भनेका छन्, 'नेपालमा क्रान्तिकारी महिलाहरूको सचेत पहल र महिला आन्दोलनको बलमा महिलाहरूको पक्षमा कानुनी रूपमा केही सुधारवादी अधिकारका प्रावधानहरू स्थापित भए पनि व्यवहारमा अहिले पनि अनेकौं असीमित उत्पीडन, दमन, विभेद, हिंसा र असमानताहरू कायमै छन् । अझ बलात्कारजस्ता जघन्य अपराध र हिंसाहरू झनै बढिरहेका छन् । महिलामाथि हुने विभेद, शोषण, उत्पीडन, असमानता र दमन तथा त्यसका विरुद्ध संघर्ष र मुक्तिको सवाल केवल महिलाको मात्र सरोकारको विषय नभएर यो पुरुषसहित सम्पूर्ण सचेत नागरिकहरूको साझा सरोकार र दायित्वको विषय हो । त्यसैले महिलाविरुद्ध हुने सबै किसिमका अन्याय, विभेद, असमानता, दमन र हिंसाविरुद्ध संघर्ष र पूर्ण मुक्तिका लागि कानुनी संघर्ष, सामाजिक जागरण र राजनीतिक संघर्षलाई समायोजन गर्दै त्यसको अग्रमोर्चामा महिलाहरू साथमा पुरुषसहित सबै तहका सम्पूर्ण नागरिकहरूको साथ, सहभागिता र सहयोगमा अघि बढाउन जरुरी छ ।'

महासचिव विप्लवले वक्तव्यको अन्त्यमा भनेका छन्, 'क्रान्तिकारी महिला आन्दोलनको गौरवपूर्ण विगतबाट उर्जा र शिक्षा लिँदै वर्तमान परिवर्तित विश्व परिस्थितिलाई दृष्टिगत र आत्मसात् गर्दै नयाँ ढंगबाट महिला आन्दोलनको विकास गरेर नै श्रमिक महिला आन्दोलनले आफ्नो लक्ष्य हासिल गर्न सफल हुनेछ भन्ने विश्वास लिएका छौं ।'

## नेपाल कम्युनिस्ट पार्टी ....

क्रियाकलाप शान्तिपूर्ण रूपमा संचालन गर्ने सहमति भएको छ ।

वार्ता टोलीको प्रेस नोटमा भनिएको छ, 'नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टीका बिच तीन बुँदे सहमति पत्रमा हस्ताक्षर भएको छ । उक्त सहमतिमा नेपाल कम्युनिस्ट पार्टीले आफ्ना सम्पूर्ण राजनीतिक विषयहरूको समाधान संवादका माध्यमबाट गर्ने, आफ्ना सम्पूर्ण राजनीतिक क्रियाकलापहरू शान्तिपूर्ण रूपमा सञ्चालन गर्ने र नेपाल सरकारका तर्फबाट लगाइएको नेपाल कम्युनिस्ट पार्टीमाथिको प्रतिबन्ध हटाउने, सम्पूर्ण बन्दीको रिहाइ र मुद्दा खारेजीलगायत विषयहरू रहेका छन् ।

## जनपत्रकार संगठन ....

राजनीतिक अर्थशास्त्रको अध्ययनमा जोड दिइरहेको कुरा संयोजक शेरबहादुर विश्वकर्माले जानकारी दिएका छन् । नेकपामाथि २०७५ फाल्गुन २८ मा सरकारले प्रतिबन्ध लगाएलगत्तै चैत ८ गते गिरफ्तार पर्नुभएका सुदर्शन नख्खु कारागारमा रहेको २ वर्ष पुग्दै छ । यसअघि जनयुद्धकालमा बाजुरा कारागारमा २ वर्ष रहनु भएका सुदर्शनको स्वास्थ्य स्थिति बुझ्ने उद्देश्यले जनप्रत्रकार संगठनले उहाँलाई भेटघाट गरेको हो । यसैक्रममा आजै धनगढी जेलमा रहनुभएका नेता ओमप्रकाश पुन र विवेक कुमाललाई पनि जनप्रत्रकार संगठन सेती–महाकालीले भेटघाट गरी स्वास्थ्य स्थितिको जानकारी लिएको छ ।

## नेकपाद्वारा पाल्पामा सहिद तथा बेपत्ता परिवारलाई सम्मान

पाल्पा । नेपाल कम्युनिस्ट पार्टी, पाल्पाले जनयुद्धमा सहादत प्राप्त गरेका सहिद तथा बेपत्ता परिवारहरूलाई भेटघाट तथा सम्मान गरेको छ । जिल्लाका नेता तथा कार्यकर्ताहरूको उपस्थितिमा सहिद तथा बेपत्ता परिवारलाई सम्मान गरिएको नेकपा पाल्पाले जनाएको छ । अखिल (क्रान्तिकारी), पाल्पा जिल्ला संयोजक लंकले सहिदहरूको सपना र चाहना पूरा नभएको भन्दै निरन्तर एकीकृत जनक्रान्तिको संघर्षमा सामेल हुन आह्वान गरेका थिए ।

## अस्लेवा–रुद्रवेणीमा सहिद तथा बेपत्ता परिवारलाई सम्मान

गुल्मी । युवा संगठन नेपालले सहिद–सप्ताहको सन्दर्भमा गुल्मीको सत्यवती गाउँपालिका वडा नम्बर १, अस्लेवा–रुद्रवेणीमा सहिद तथा बेपत्ता परिवारलाई भेटघाट तथा सम्मान कार्यक्रम गरेको छ । सम्मान कार्यक्रममा युवा संगठन नेपाल लुम्बिनी ब्युरो इन्चार्ज विश्लेषणले जनयुद्धको क्रममा सहादत प्राप्त गरेका सहिद हेमलाल श्रेष्ठ 'धर्ती' को बुवा तारप्रसाद श्रेष्ठ र आमा धनकुमारी श्रेष्ठलाई सम्मान गरेका हुन् । उक्त कार्यक्रममा इन्चार्ज विश्लेषणले जनयुद्धको ऐतिहासिक पहलको योजनालाई सफल पार्न आत्मबलिदान गर्ने अमर सहिदहरूको सपनाहरू पूरा गर्न नेपाल कम्युनिस्ट पार्टी सधैँ प्रतिबद्ध रहेको र सहिदहरूको सपना साकार पार्न अन्तिम समयसम्म लडिरहने प्रतिज्ञा व्यक्त गरे । उनले वैज्ञानिक समाजवाद र साम्यवादको मुक्तिको झन्डा प्राप्त गर्नको लागि एकीकृत जनक्रान्तिको कार्यदिशामा गोलबद्ध हुनसमेत आम जनसमुदायलाई अपिल गरेका थिए ।

## नेकपाद्वारा भरतपुरमा सहिद परिवारलाई अभिनन्दन

चितवन । नेपाल कम्युनिस्ट पार्टी चितवन जिल्लाको आयोजनामा भरतपुर महानगरमा सहिद सप्ताहको अवसरमा सहिद परिवार अभिनन्दन तथा नगरस्तरीय राजनीतिक/वैचारिक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । फरारको सभापतित्वमा चितवन जिल्ला इन्चार्ज आरम्भ प्रमुख अतिथि रहेका थिए । अभिनन्दन कार्यक्रममा राष्ट्रिय जागरण मञ्च नेपालका केन्द्रीय संयोजक तथा जनयुद्धका महान् सहिद बउर्मिला भट्टराईको श्रीमान् गुणराज लोहनी, पूर्व–सभासद एवम् जनयुद्धको महान् सहिद ज्ञानप्रसाद चालिसेको जीवन सङ्गिनी सरला रेग्मीलगायत दर्जनौं सहिद परिवारलाई अभिनन्दन गरिएको थियो । अभिनन्दनपश्चात् सहिद परिवारलाई सम्बोधन गर्दै प्रमुख अतिथि आरम्भले महान् सहिदहरूको सपना पूरा गर्न नेकपा चितवन निरन्तर अघि बढ्ने प्रतिबद्धता जाहेर गरे । कार्यक्रममा सागरले स्वागत मन्तव्य राखेका थिए भने भीमले सञ्चालन गरेका थिए ।

## छात्रा सुरक्षाको माग गर्दै बर्दियामा ज्ञापनपत्र बुझाइयो

बर्दिया । अखिल (क्रान्तिकारी) बर्दियाले छात्रा सुरक्षाको लागि आत्मरक्षा तालिमको माग गर्दै ज्ञापनपत्र बुझाएको छ । क्रान्तिकारीले बर्दियाको गुलरिया नगरपालिकामा ज्ञापनपत्र बुझाएको हो । पछिल्लो समय महिलामाथि हत्या, हिंसा र बलात्कारका घटना बढिरहेको भन्दै महिला सुरक्षा र सशक्तिकरणका लागि आत्मरक्षा तालिम आवश्यक रहेको जनाउँदै सबै स्थानीय तहहरूमा आत्मरक्षा तालिम सञ्चालन गर्न आवश्यक भएको बताइएको छ । संगठनको केन्द्रीय कार्यक्रमअनुसार गुलरिया नगरपालिकाकी उप–प्रमुखलाई ज्ञापनपत्र बुझाइएको अखिल (क्रान्तिकारी), बर्दिया संयोजक हरि प्याकुरेलले जानकारी दिए ।

## नेकपाद्वारा पाल्पामा दीप प्रज्वलन

पाल्पा । नेपाल कम्युनिस्ट पार्टी, पाल्पाले सरकारले नेकपामाथि करिब दुई वर्षअघि लगाएको प्रतिबन्ध फुकुवा गरेको ऐतिहासिक उत्सवको अवसरमा दीप प्रज्वलन गरेको छ । उक्त कार्यक्रममा जिल्लास्तरीय नेता तथा कार्यकर्ताहरूको उपस्थिति रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै नेता तथा कार्यकर्ताहरूले नेपाल कम्युनिस्ट पार्टी सधैँ उत्पीडित जनताको पक्षमा, जनजीविकाको पक्षमा रहेको र एकीकृत जनक्रान्तिको कार्यदिशामार्फत् वैज्ञानिक समाजवाद स्थापना गर्ने बताए छन् । वार्ताविरोधीहरूले सम्प्रेषण गरेको झुट समाचारको भ्रममा नपरी सम्पूर्ण जनसमुदायलाई एकीकृत जनक्रान्तिको पक्षमा निरन्तर सामेल हुन आह्वानसमेत गरेका थिए । साथै, नेपाल कम्युनिस्ट पार्टी आम श्रमिक जनताको र एकीकृत जनक्रान्तिमा सहादत प्राप्त गरेका महान् सहिदहरूको सपना पूरा गर्न सधैँ तत्पर रहेको बताएका छन् । वैज्ञानिक समाजवादका निमित्त नेपाल कम्युनिस्ट पार्टीले जस्तोसुकै चुनौती पनि सामना गर्न तयार भएको बताए ।

## नेकपाद्वारा वीरेन्द्रनगरमा सहिद परिवारलाई अभिनन्दन

सुर्खेत । नेपाल कम्युनिस्ट पार्टी, सुर्खेतले वीरेन्द्रनगरमा सहिद सप्ताह कार्यक्रम सम्पन्न गर्दै सहिद परिवारलाई अभिनन्दन गरेको छ ।

प्रमुख अतिथि सुर्खेत जिल्ला इन्चार्ज ध्रुवले 'सहिदहरूले देश र जनताको मुक्ति गर्न यो पुँजीवादी संसदीय दलाल व्यवस्थालाई फालेर वैज्ञानिक समाजवादी व्यवस्था ल्याउनका लागि नै आफ्नो प्यारो जीवनको आहुति दिएका थिए र हाम्रो पार्टी सहिदका ती सपना पूरा गर्न प्रतिबद्ध छ' भने । सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै सुरू गरिएको उक्त कार्यक्रममा बोल्दै विशेष अतिथि दाहाल–नेपाल समूहका भेक सदस्य एवम् सहिद परिवार हरिमाया शर्माले 'सहिद अनि सहिद परिवारहरू सबै पार्टीका सम्झना भएको र सबै कम्युनिस्ट पार्टीहरू एक भएर समाजवाद स्थापना गर्नुपर्छ' भनिन् ।

दुईदर्जन सहिद परिवारलाई दोसल्ला र सम्मान–पत्रले सम्मानित गरिएको उक्त कार्यक्रममा सुर्खेत जिल्ला सचिव यमराजले 'सम्पूर्ण सहिद परिवार र नेपाली जनताले सहिदको एक मात्र सपना वैज्ञानिक समाजवाद स्थापना गर्न आ–आफ्नो तह र तप्काबाट महत्वपूर्ण भूमिका खेल्नुपर्ने समय आएको छ' भने । सहिद परिवारसँग अन्तरङ्ग छलफल गरिएको उक्त कार्यक्रमको सञ्चालन डेभिडले गरेका थिए भने अध्यक्षता सुर्खेत जिल्ला सचिव यमराजले गरेका थिए ।

# नेपालको पछिल्लो राजनीतिक घटनाक्रमबारे कतार मोर्चा

## जयकिशोर पोद्दार 'जेपी', अध्यक्ष – नेपाली जनप्रगतिशील मोर्चा, कतार

नेपाल कम्युनिस्ट पार्टीको भातृ संगठनको रूपमा स्थापित भएर सामाजिक कामहरूलाई शिरोपर गर्दै अगाडि बढेको एउटा वैचारिक संगठन भएको हुनाले पनि नेपाली जनप्रगतिशील मोर्चा कतार नेपालका राजनीतिक घटनाक्रमलाई गहनरूपले नियाल्दै आएको छ । पछिल्लो राजनीतिक उछलकुदले देशमा एउटा तरलता त ल्याएकै छ भने प्रतिक्रियावादीहरूको निंदसमेत हराम भएको अवस्था छ । यो तरलता र निंदहरामको बिचमा प्रवासी नेपाली मजदुरहरूको मनमा हजारौं प्रश्नले स्थान पाउनु स्वाभाविक नै हो ।

आफ्नो रगतलाई पसिनाको रूपमा बगाउँदै विदेशी भूमिबाट आफ्नो परिवारमा खुसी दिने प्रयासमा अहोरात्र खटिरहेका प्रवासी नेपाली मजदुरहरूका मनमा उब्जिने केही मुख्य प्रश्नहरूजस्तै, के विप्लव पनि संसदीय दलदलमा फसेकै हुन त ? के विप्लवको एकीकृत जनक्रान्ति पनि यतिकै लागि हो त ? जनयुद्ध र एकीकृत जनक्रान्तिका सहिदहरूको रगतको मूल्य यही नै हो त ? एकीकृत जनक्रान्तिमार्फत् वैज्ञानिक समाजवादको विकास होला र स्वदेशमै रोजगारी गरी परिवारसँग बसेर साँझ–बिहान बिताउँला भन्ने आशमा रहेका नेपाली मजदुरहरूले आफ्नो सपना यहीँ समाप्त हुने हो त ? भन्ने प्रश्नहरू आफैँसँग गर्दै आफैँले आफ्नो अनुकूलतामा जवाफ दिँदै बस्नुभएको होला र वास्तवमा हिजोका इतिहासले ती प्रश्नहरू जन्मनु स्वाभाविक पनि हो तर सत्य त्यो हैन ।

हालै मात्र नेपाल कम्युनिस्ट पार्टी र नेपाल सरकारसँग भएका ३ वटा बुँदाका सहमतिहरू :

१. दुवै पक्ष (नेपाल सरकार तथा नेपाल कम्युनिस्ट पार्टी) देशको राजनीतिक समस्याहरू वार्ता तथा संवादबाट समाधान गर्न सहमत भएको छ ।

२. नेपाल कम्युनिस्ट पार्टी आफ्ना सबै राजनीतिक क्रियाकलापहरू शान्तिपूर्ण रूपमा संचालन गर्न सहमत भएको छ ।

३. नेपाल सरकार नेपाल कम्युनिस्ट पार्टीमाथि लगाएको प्रतिबन्ध हटाउन, कारागारमा रहेका पार्टीका नेता तथा कार्यकर्ताहरूको रिहाइ र सम्पूर्ण मुद्दाहरू खारेज गर्न सहमत भएको छ ।

यी सहमतिहरूले पनि त्यतातिर संकेत गर्दैन भन्नेमा विश्वस्त हुन जरुरी छ । हिजो दिल्ली, लखनउ र कलकत्तामा भएका वार्ताहरूसँग कतै मेल खाँदैन । अझ यसलाई सहज रूपमा बुझौँ यो वार्ता नभई विगतमा सरकार आफैँले चालेको गलत कदमलाई हतार हतार आफैँले सच्याएका छन् भन्ने बुझ्दा अझ उपयुक्त होला । सहमतिको बुँदा १ लाई हेर्ने हो भने नेपाल सरकारले २०७५ फागुन २८ गते नेपाल कम्युनिस्ट पार्टीमाथि लगाएको प्रतिबन्धभन्दा पहिले पनि पार्टीले हाम्रा मागहरू राजनीतिक हुन्, यसको समधान सरकारले टेबलबाट गर्नुपर्छ भनेकै थियो । २ लाई हेरौँ, दलाल भ्रष्टाचारीहरूलाई गरिएका कारबाहीहरू पनि अपराधको तुलनामा शान्तिपूर्ण तरिकाले नै गर्दै आएको थियो । भने ती सबै अवस्थालाई मध्यनजर गर्दै आवेगमा आएर लगाइएको प्रतिबन्धका कारण झुटा मुद्दा लगाउँदै गर्दा आफ्नै राजनीतिक धरातल जनतामाझ नाङ्गिन थालेपछि आफ्नो गल्तीलाई सच्याउँदै सरकार पक्ष तेस्रो बुँदामा बाध्य भएर सहमत भएको छ । यो रणनीतिक रूपमा नेपाल कम्युनिस्ट पार्टीको जित हो । यहाँ एकीकृत जनक्रान्तिलाई असर पर्ने त कुनै कुरै छैन, अझ सांगठनिक रूपमा बलियो भएर वैज्ञानिक समाजवादको बाटोमा लम्किन मद्दत पुगेको छ, जसको लागि कुनै पनि बुझ्ने जनतामा जान आधार तयार भएको छ यो सहमतिले पनि ।

एकथरी मानिसहरूले यो सहमति गराएर केपी ओलीलाई राजनीतिक उपलब्धि हासिल हुनेछ भन्दै गरेको पनि पाइन्छ । तर, त्यो पनि सत्य साबित हुने छैन । जनताले बुझ्न जरुरी छ आवेगमा लिएको निर्णयलाई आफैँ सच्याउनुलाई उपलब्धि कसरी मान्न सकिन्छ ? प्रतिशोध साध्ने गरि गरिएको प्रतिबन्ध त छर्लङ्ग नै थियो । पछिल्लो समय राजनीतिक मोर्चाका जनसभाहरूमा जनताको उपस्थितिलाई देखेर बाध्य हुँदै केपी सरकारले यो कदम चालेको हो अनि जनताबाट कसरी उसलाई उपलब्धि हुन सक्छ ?

हामी माटोमा पुरिन तयार छौं तर सहिदका सपनाहरू अधुरो छोड्नेछैन भन्ने महासचिव क. विप्लवको सम्बोधनले पनि ठोस गराउँछ कि आदरणीय प्रवासी मजदुरहरू तपाईंहरूले देखेको सपना पूरा हुन समय लाग्न सक्छ तर एकीकृत जनक्रान्तिले अवश्य पूरा गर्नेछ । जनयुद्धदेखि जनआन्दोलन तथा एकीकृत जनक्रान्तिमा सहादत प्राप्त गर्नुभएका महान् सहिदहरूको सपना शिरोपर गरी नेपाल कम्युनिस्ट पार्टी अगाडि बढिरहेनेछ । एकीकृत जनक्रान्तिले आफ्नो लक्ष्य प्राप्त गरेर नै छाड्नेछ । संसदीय व्यवस्थाकै सरकारका प्रधानमन्त्रीसँगै उभिएर यो दलाल संसदीय व्यवस्था हो, यो असफल भैसकेको छ अब यसको विकल्प खोज्न हामी तयार छौं भन्दै पार्टीका महासचिव क. विप्लवले भनिरहँदा नेपाली जनताले स्वाभाविक रूपमा बुझ्नेछन् एकीकृत जनक्रान्ति रोकिनेछैन भन्ने कुरा त ।

# बैतडीमा जनयुद्धको अवसरमा सहिद परिवारलाई सम्मान

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी, बैतडीको दोगडा केदार गाउँपालिकाले २६ औँ जनयुद्ध दिवसको अवसरमा जन-जनका प्रिय महान् सहिद परिवारलाई सम्मान गरेको छ। प्रतिबन्ध खारेज भएको खुसियालीमा बाजा बजाउँदै विजय जुलुस मनाउँदै कार्यक्रम स्थलमा प्रवेश गरेको जानकारी इन्चार्ज दीपेन्द्रले जानकारी गराएका छन् । नेकपा बैतडी जिल्ला पार्टी सचिव रामसिंह कुवँरले क्रान्ति अझै अधुरो छ, हामी एकीकृत जनक्रान्तिको कार्यदिशामार्फत् क्रान्ति पूरा गर्छौं, वर्तमान दलाल संसदीय व्यवस्थाले नेपाली जनताको सामु घुँडा टेकेको दिन हो भने । यसैगरी अखिल (क्रान्तिकारी), जिल्ला अध्यक्ष सुरेन्द्र धानुकले सहिदका सपना अधुरो छ हामी जुनसुकै हालतमा पनि पूरा गर्ने प्रतिवद्धता जाहेर गरे। कार्यक्रममा सञ्चालक इन्चार्ज दीपेन्द्रसिंह ऐरी ‘आजाद’ ले २६ औँ जनयुद्ध दिवसको अवसरमा सहिद परिवार सम्मान कार्यक्रम भव्य ढंगले मनाउन सहयोग पुर्‍याउनुहुने आदरणीय जनसमुदायहरूमा हार्दिक धन्यवाद ब्यक्त गरेका थिए।

# जनयुद्धमा सहादत प्राप्त गरेका सहिद परिवारलाई सम्मान

चितवन । नेपाल कम्युनिस्ट पार्टी जिल्ला समिति चितवनले १० बर्से जनयुद्धमा सहादत प्राप्त गरेका सहिद परिवारलाई सम्मान गरेको छ। चितवनमा सहादत प्राप्त गरेका १२७ जनाका परिवारलाई सम्मान गरेको हो। जिल्लाका सातवटै पालिकामा पार्टीका नेता तथा कार्यकर्ताहरू घरमै पुगेर दोसल्ला तथा सम्मान गरेका हुन् । रत्ननगरमा जुना ढकाल, ईश्वरीप्रसाद खनाल, दिपक पन्त, साकार अम्गाईं, श्रीराम खनाल, हरिसचन्द्र श्रेष्ठ, विजय खनाल, ताराबहादुर गोले, राजकुमार दुलाल, ज्ञानेन्द्र त्रिपाठीलगायतका परिवारहरूलाई सम्मान गरिएको छ । त्यसैगरी, सोही नगरपालिकाका विष्णु मरहट्ठा, निर्मला पन्त, सुनिता श्रेष्ठ, प्रकाश घिमिरे, होमप्रसाद लामिछाने, ऋषि लामिछाने, राममाया नेपाली, कमला पन्त, पार्वती पोखरेल, संजय ढकाल र कुमार ढकालका परिवारलाई दोसल्ला र सम्मानपत्रले सम्मान गरिएको हो।

पार्टीका ब्युरो सदस्य प्रकाशचन्द्र ढकाल र जिल्ला सदस्य शारदा थापा मगरले सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरेका थिए। मुलुकको परिवर्तन गर्न बलिदान दिएका सहिदहरूको सम्झनामा घरमै पुगेर परिवारहरूलाई सम्मान गरिएको उनले बताए। २०५२ साल फागुन १४ गते सहादत प्राप्त गरेका ११ वर्षीय दिलबहादुर रम्तेल र झापा आन्दोलनमा फागुन २१ गते सहादत प्राप्त गरेका पाँचजनाको सम्झना गर्दै फागुन १४ देखि २१ गतेसम्म सहिद सप्ताह मनाउँदै आएको ढकालले बताए।

# प्रतिबन्ध फुकुवाको अवसरमा रोल्पामा नाराजुलुससहित खुल्ला सभा

रोल्पा। नेपाल कम्युनिस्ट पार्टी रोल्पाले जिल्लाको विभिन्न स्थानमा प्रतिबन्ध फुकुवाको अवसरमा नाराजुलुससहित बृहत् खुल्ला सभा सम्पन्न गरेको। त्रिवेणी पार्टी समितिले जुगारको नेर्पा बजारमा भव्य रूपले सम्पन्न गरेको हो। जनसरकार प्रमुख वेदबहादुर खड्काको अध्यक्षतामा सुरु भएको कार्यक्रममा रोल्पा जिल्ला इन्चार्ज दिनेशविक्रम चन्द ‘मानव’, भक्तपुर जिल्ला पूर्व सेक्रेटरी बुद्धिलाल पुन, रोल्पा जिल्ला सेक्रेटरी शोभाराम राना, त्रिवेणी इलाका इन्चार्ज करण घर्ती, जिल्ला सदस्य खिमराज पुनलगायतका नेताहरूको आतिथ्यता रहेको थियो। सयौँ जनताको उपस्थिति रहेको उक्त कार्यक्रमा आफ्नो मन्तव्य राख्दै रोल्पा जिल्ला इन्चार्जले संसदीय व्यवस्था असफल भइसकेको हुँदा यसको विकल्प वैज्ञानिक समाजवाद भएको हुँदा आम जनातालाई समाजवादी व्यवस्था स्थापनार्थ आ-आफ्नो तह र तप्काबाट लाग्नुपर्ने नेता-कार्यकर्ताहरूलाई आग्रह गरे।

यसैगरी, जिल्ला सेक्रेटरी शोभारामले प्रतिबन्ध फुकुवा ऐतिहासिक र स्वागतयोग्य रहेको र अब अझ थप जिम्मेवारी थपिएको बताए । सोही कार्यक्रममा खिमराज, बुद्धिलाल पुन, युवा संगठन रोल्पाका सहसचिव टिकाराम रानाले मन्तव्य राखेका थिए। उक्त कार्यक्रममा भावुकले स्वागत मन्तव्य राखेका थिए भने संचालन अर्जुनकुमार ओली ‘अग्नि’ ले गरेका थिए।

# सहिदको रगतमा सम्झौता नहोस् : सहिद तथा बेपत्ता परिवार

■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी रसुवाले २६ औँ महान् जनयुद्ध दिवस एवम् सहिद सप्ताह फागुन १४ देखि २१ सम्मका सन्दर्भमा सहिद/बेपत्ता परिवारसँग घर-घरमा पुगी भेटघाट, छलफल तथा महासचिवद्वारा हस्ताक्षरित सम्मान-पत्रसहित अभिनन्दन गरेको छ। दलाल संसदीय व्यवस्थाका कारण राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालमा देश भयानक संकटतर्फ उन्मुख भएको औंल्याएका छन् ।

यस समस्याको सही समाधान एकीकृत जनक्रान्तिमार्फत् वैज्ञानिक समाजवाद स्थापनाले मात्र हल गर्ने जिल्ला इन्चार्ज सन्देशले बताएका छन्। महान् सहिदहरूको बलिदान एवम् रगतको मूल्यको साँचो सम्मान वैज्ञानिक समाजवादमा मात्र हुने भन्दै सेक्रेटरी विराजले एकीकृत जनक्रान्तिमार्फत् नेपाल कम्युनिस्ट पार्टी, त्याग, बलिदान र संघर्षको बाटोमा रहेकाले सहिदको सपना पूरा गरिछाड्ने बताए।

अभिनन्दन कार्यक्रममा उत्तरगया गाउँपालिका सेक्रेटरी आँधीलगायतको उपस्थिति रहेको थियो। सहिद मोचकुमारी मगर दीक्षाका भाइ भुवन मगरले अहिले सरकारसँग वार्ताको हल्ला चलिरहेकाले विगतको जनयुद्ध पनि वार्ताबाट बर्बाद भएकाले पार्टीलाई खबरदारी गर्दै सबैको आशा भरोसाको केन्द्र विप्लव नेतृत्वको नेकपा मात्र भएकाले एकीकृत जनक्रान्तिलाई सफलताको शुभकामना दिए । बेपत्ता नरेन्द्र तामाङकी आमाले सरकारले बेपत्ताको सासकी-लास दिनुपर्ने भन्दै आक्रोश व्यक्त गरे। सहिद ठाकुर गौतमका बुबा फडिन्द्र गौतमले पार्टीलाई जनसमर्थन र साथ रहिरहने बताएका छन्।


# कुखुरा लाग्ने महामारीजन्य रोग बर्ड फ्लूबारे जानकारी

एसियाको विभिन्न देशमा भेटिएको यो भाइरसको पूरा नाम हाइली प्याथोलोजिक एभियन इन्फ्लूएन्जा हो। यसलाई एभियन इन्फ्लुन्जा वा वर्ड फुलु भाइरस पनि भनिन्छ। यो रोग कुखुरा तथा पन्छीहरुमा लाग्ने अति संक्रामक रोग हो। यो जतिबेला जहाँ पनि फैलन सक्छ। हाल मात्र काठमाडौंको तारकेश्वर नगरपालिका यो रोग देखिएको छ।

बर्ड फ्लु कुखुरा, हाँस, टर्की र जङ्गली चराचुरुङ्गीमा लाग्ने सरुवा रोग हो र कहिलेकाँही सुँगुरमा पनि भेटिएको छ। यो रोग मानिसमा पनि पर्नसक्छ। यो रोग सर्वप्रथम सन् १९७८ मा पंक्षीमा र सन् १९९७ मा मानिसमा देखिएको हो। बर्ड फ्लुको संक्रमण भेटिएको विश्वको पछिल्लो ६६औं मुलुक नेपाल हो। थाइल्याण्ड, बङ्गलादेश र इण्डोनेशियामा यसले विकराल अवस्था निम्त्याएको छ। बर्ड फ्लुको भाइरस कुखुराको मासु, प्वाँख, सिंगान, र्‍याल, सुली, दाना, अण्डा राख्ने क्रेट, दाना राखेको बोरा आदिको सम्पर्कबाट सर्दछ वा पानीको माध्यमबाट यो भाइरस अत्यन्त द्रूत गतिमा फैलन र धेरैको ज्यान लिनसक्ने भएकोले बर्ड फ्लूलाई प्राणघातक रोग पनि भनिन्छ। कुखुराको मासु ७० डिग्री भन्दा माथिको तापक्रममा राम्ररी पकाएर खाएमा यो रोग लाग्दैन। बर्ड फ्लुको भाइरस ७० देसख ७५ डिग्री सेन्टिग्रेड भन्दा माथि बाँच्न सक्दैन। मासुलाई १०० डिग्री सेल्सियसभन्दा माथि तापक्रममा पकाइने भएकोले खाने मान्छेलाई असर गर्दैन।

नेपालमा पहिलोपटक सन् २००९ मा बर्ड फ्लु देखिएको थियो। त्यसपछि हरेक वर्षवजसो अथवा केही वर्षको अन्तरालमा बर्ड फ्लु देखिइ रहेको छ। यसले सबैभन्दा ठूलो क्षति चाँही सन् २०१३ मा पुर्‍याएको थियो। त्यसबेला काठमाडौंमा बर्डफ्लु देखिइरहेको छ। यसले सबैभन्दा ठूलो क्षति चाँही सन् २०१३ मा पुर्‍याएको थियो। त्यसबेला काठमाडौं, चितवन, झापादेखि कैलाली गरी नेपालका २ सय १ वटा ब्रोइलर र लेयर्स कुखुराका फार्महरुमा यसको संक्रमण फैलिएको थियो।

त्यसैगरी, बर्ड फ्लुकै कारण नेपालमा पहिलोपटक मानिसको ज्यान गएको घटना वि.सं. २०७५ साल चैत्र १५ गते भएको थियो। उपचारका क्रममा उनको मृत्यु भयो। के कारणले मृत्यु भएको भनेर पत्ता लगाउन नसकेपछि परीक्षणको नतिजा आइपुगेको थियो। जसमा उनी बर्ड फ्लु संक्रमित रहेको पुष्टि भएको थियो।

**रोगको लक्षण**

पोल्ट्री मार्फ वा घरमा पालिएका कुखुरा छेर्नु, प्वाख गुजमुज हुनु, सुस्त देखिनु, स्वास फेर्न गाह्रो हुनु, टाउको तथा खुट्टा सुनिनु, लोती र सिउर हरियो हुने, अण्डा उत्पादन घट्नु अप्रत्यासित रुपमा एक्कासी धेरै संख्यामा कुखुरा मर्नु, नाक मुखबाट र्‍याल-सिंगान बगाउने, हाँच्छ्यू गर्ने र खोक्ने आदि लक्षणहरु देखिन्छन्। कुखुराबाट अत्यन्त चाँडो मान्छेमा सर्नसक्ने भएकोले यो मानव स्वास्थ्यका लागि पनि खतरापूर्ण छ र तत्काल नियन्त्रण गरिएन भने महामारीको रुप लिनसक्छ।

**सावधानी**

- तपाई बस्ने वरपर कुनैपनि पंक्षी मरेको देख्ने वित्तिकै सचेत हुनुहोस्।
- आफ्ना बालबालिकालाई त्यस्ता पंक्षीहरुको छेउछाउमा जान नदिनुहोस्।
- कुखुरा तथा पंक्षीको मासु मज्जाले धोएपछि राम्ररी पकाएर मात्रै खाने गर्नुहोस्।
- तपाईको टोल छिमेकमा कुखुरा तथा पंक्षीहरु मरेको देख्नुभएको छ भने तुरुन्तै भेटरिनरी अस्पताल स्थानीय पशुसेवा शाखा पशुपंक्षी रोग अन्वेषण प्रयोगशाला वा सरकारी अधिकारी तथा सम्बन्धित सरोकारवाला निकायहरुमा खबर गरिदिनुहोस्।
- बर्ड फ्लु मानिसमा सरेमा महामारीको रुप लिन सक्छ, अहिलेसम्म मानव बर्डफ्लु ९बखष्बल ष्लागिभलशब खष्चगक ज्छल्ज्ञ लागेपछि उपचार छैन।

**प्रदेश सरकार**
**सुदूर पश्चिम प्रदेश**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**धनगढी, कैलाली**






# नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं